


PRATEEK DAILY
# प्रतीक
राष्ट्रिय 'क' वर्ग
दैनिक
eprateekdaily.com




❖ वर्ष ३५ ❖ २०७९ वैशाख २७ गते मङ्गलवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 May 10 Tuesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २५१

## दल बदलले गरुडामा बहुपक्षीय प्रतिस्पर्धा

प्रस, गरुडा, २६ वैशाख/

रौतहट जिल्लाको मध्य भागमा रहेको गरुडा नगरपालिकामा बहुपक्षीय प्रतिस्पर्धा हुने देखिएको छ । चुनावको मिति नजीकिंदा पनि कसको पक्षमा जनमत छ भन्ने स्पष्ट हुन सकेको छैन ।

२०७४ सालमा भएको स्थानीय तहको चुनावभन्दा फरक किसिमको सन्तुलन गरुडामा बनेकोले बहुपक्षीय प्रतिस्पर्धा हुने देखिएको हो । गरुडा नगरपालिकाको चुनावी अवस्थामा मुख्य प्रतिस्पर्धामा रहेका दलहरूको आन्तरिक जीवनमा धेरै फेरबदल भइसकेकाले पनि सर्वसाधारणलाई अनुमान लगाउन गाऱ्हो भएको हो ।

२०७४ सालको स्थानीय तहको निर्वाचनमा गरुडा नगरपालिकाको प्रमुख र उपप्रमुख पदमा निर्वाचित दुवैजना यसपटक प्रतिस्पर्धामा छैनन् । निर्वाचित प्रमुख तथा उपप्रमुख दुवैजना स्वेच्छाले उम्मेदवार नबनेको सम्भवतः पहिलो पालिका गरुडा नै हुनुपर्छ ।

गरुडा नगरपालिकाको प्रमुखमा तत्कालीन मधेसी जनअधिकार फोरम नेपालबाट इन्नुराय यादव निर्वाचित भएका थिए भने उपप्रमुखमा नेपाली काङ्ग्रेसकी रङ्गिलादेवी जयसवाल । प्रमुख यादव उमेरका कारणले चुनावमा छैनन् भने उपप्रमुख जयसवाल पनि उम्मेदवार बनेकी छैनन् ।

पछिल्लो निर्वाचनमा ७२ मतले प्रमुख पदमा पराजित नेपाली काङ्ग्रेसका सुनीलकुमार यादव फेरि प्रमुख पदको प्रतिस्पर्धामा छन् । नेकाबाट उपप्रमुखमा पूनमकुमारी चौधरी छिन् ।

गत निर्वाचनमा नेकपा एमालेबाट प्रमुख पदका प्रत्याशी शेख कलिमुल्लाह यसपटक चुनाव लडेका छैनन् । नेकपा एमाले अहिले करीब सम्पूर्ण सेट नै नेकपा (एकीकृत समाजवादी)मा परिणत भएको छ । नेकपा एमालेले कन्थमणिप्रसाद कलवारलाई प्रमुख पदको उम्मेदवार बनाएको छ भने ज्ञानकलादेवी साहलाई उपप्रमुख पदको । कलवार पछिल्लो निर्वाचनमा स्वतन्त्ररूपमा प्रमुख पदका



प्रत्याशी थिए र लगत्तै लोसपामा प्रवेश गरी केन्द्रीय सदस्य बनेका थिए भने साह नेपाली काङ्ग्रेसको जिल्ला समिति सदस्य थिइन् ।

नेकपा एसले बृजकिशोर यादवलाई प्रमुख पदको उम्मेदवार बनाएको छ । रौतहटमा मधेस आन्दोलनमा सबैभन्दा बढी त्याग र सङ्घर्ष गरेको नेताको छवि बनाएका यादवलाई अन्तिम चरणमा जसपा नेपालले टिकट नदिएपछि उनी नेकपा एसमा प्रवेश गरेका थिए । यादव नेकपा एसमा प्रवेश गरेसँगै नेपाली काङ्ग्रेसबाट प्रमुख पदमा नगर समितिले सिफारिश गरेको रामभरोस राय यादव, नेकपा एमालेको नगर समितिले प्रमुख पदमा सिफारिश गरेको रामजी साह सोनार तथा रामप्रसाद राय यादव पनि नेकपा एसमा प्रवेश गरेका छन् ।

नेकपा माओवादी केन्द्रको तर्फबाट प्रमुख पदमा विपिन जयसवाल भन्ने सुरेन्द्रप्रसाद जयसवाल उम्मेदवार बनेका छन् । पछिल्लो निर्वाचनमा पनि थोरै मतान्तरले जयसवाल पछाडि थिए ।

जनता समाजवादी पार्टी (जसपा) नेपालले निवर्तमान प्रमुख पुत्र अनिलकुमार यादवलाई प्रमुखको उम्मेदवार बनाएको छ भने उपप्रमुखमा पुरानै अनुहारलाई कायम राखेको छ ।

लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालले नवयुवक तर उच्च शिक्षाप्राप्त दीपकराय यादवलाई प्रमुख पदको उम्मेदवार बनाएको छ ।

गरुडा नगरपालिकामा यादव, मुस्लिम, सहनी तथा साह समुदायको पकड रहेको छ । उम्मेदवारहरूले पनि जातीय सन्तुलनलाई भोट बैंक मानिरहेका छन् । नेकपा माओवादी केन्द्र र नेपाली काङ्ग्रेसका मतदाताले जाति र समुदायभन्दा दललाई नै मत दिने धेरैको आकलन रहेको छ ।

जहिले पनि चुनावको नतीजा प्रकाशन नहुँदासम्म नतीजाको आकलन लगाउन गाऱ्हो हुने गरुडा नगरपालिकामा यसपटक पनि नतीजाको पूर्वानुमान लगाउन सजिलो देखिएको छैन ।

सबैले आफूले जितिरहेको दाबी गरिरहेको गरुडा नगरपालिकामा बहुपक्षीय प्रतिस्पर्धा हुने देखिएको छ ।

गरुडा नगरपालिकाको प्रमुख पदमा नेकपा एसका बृजकिशोर यादव, नेपाली काङ्ग्रेसका सुनीलकुमार यादव, नेकपा एमालेका कन्थमणिप्रसाद कलवार, नेकपा माओवादी केन्द्रका सुरेन्द्रकुमार जयसवाल मुख्य प्रतिस्पर्धामा छन् भने जसपा नेपालका अनिलकुमार यादव र लोसपा नेपालका दीपक यादवले पनि आफू अग्र प्रतिस्पर्धामा रहेको दाबी गरेका छन् ।

## पर्सा/बारामा मङ्गलवारदेखि मदिरा बेच्न निषेध, सीमा बन्द

प्रस, वीरगंज, २७ वैशाख/

जिल्ला प्रशासन कार्यालय, पर्साले सोमवार सूचना प्रकाशित गरी स्थानीय निर्वाचन स्वच्छ, स्वतन्त्र, निष्पक्ष, सुरक्षित र भयरहित वातावरणमा सम्पन्न गर्नको लागि वैशाख २७ गते मङ्गलवार राति १२ बजेदेखि मतदान सम्पन्न नहुन्जेलसम्म पर्सा जिल्लामा मदिरा बिक्री, वितरण तथा सेवनमा निषेध गरेको छ ।

प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकालले जारी गरेको सूचनामा सो अवधिमा मदिरा ओसारपसार, बिक्री वितरण, सेवनमा निषेध गर्नुका साथै ४८ घण्टाअघि वैशाख २७ गते राति १२ बजेदेखि सीमानाका बन्द गरिने जनाएका छन् । उनले मतदान सम्पन्न नहुन्जेलसम्म पर्सा जिल्लाको भारतसँग सीमा जोडिएका नाकाबाट आवतजावत बन्द गरिने बताए ।

यसैगरी, मतदानका दिन वैशाख ३० गते मतदान स्थल, केन्द्रमा क्यामरा, मोबाइल लैजान र अनधिकृतरूपमा मतदान केन्द्रको फोटो खिच्न निषेध गरिएको बताए ।

यसैगरी, जिल्ला प्रशासन कार्यालय, बाराले पनि सोही आशयको सूचना जारी



गरेको छ । बाराका प्रमुख जिल्ला अधिकारी कृष्णबहादुर कटुवालले निर्वाचन अवधिमा मदिरा बिक्री बन्द गरिएको र सीमानाकाबाट आवातजावत मतदान सम्पन्न नहुन्जेल बन्द गरिने जनाएका छन् । उनले मतदान अवधिभर सवारी पास लिएका सवारीसाधन मात्र सञ्चालन हुन पाउने जनाएका छन् ।

यसअलावा वैशाख २९ गते राति १२ बजेदेखि मतदान कार्य नसकिएसम्म एम्बुलेन्स, दूध, औषधि बोकेका सवारीसाधन, खानेपानी टयाङ्कर, शववाहन, दूरसञ्चार सेवा, वारुणयन्त्र, अस्पताल, विद्युत्, अत्यावश्यक सेवा र कूटनीतिक नम्बर प्लेटका सवारीसाधनबाहेक सबैखाले सवारीसाधन सञ्चालनमा निषेध गरिएको जनाइएको छ ।

## भोलिदेखि मतदान अधिकृत गाउँ जाने

प्रस, परवानीपुर, २७ वैशाख/

वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचन गराउन पर्सा जिल्लामा सम्पूर्ण



तस्वीरः रासस

मतदान अधिकृत तथा कर्मचारीहरू मङ्गलवारदेखि आआफ्नो मतदान स्थलमा पुग्दैछन् ।

जिल्ला निर्वाचन कार्यालय, पर्साकी प्रमुख रञ्जीता झाले मङ्गलवार बिहानदेखि अपराह्न ५ बजेसम्म मतदानसँग सम्बन्धित सामग्री हस्तान्तरण गरेर गाउँ–गाउँ पठाउने बताइन् । उनले पर्सामा १४ वटा पालिकामा ४०७ वटा मतदान केन्द्रको लागि मतदान अधिकृत र त्यत्तिकै सहायक मतदान अधिकृत नियुक्त गरी जिम्मेवारी दिइएको बताइन् ।

पाँच सयभन्दा कम मतदाता रहेको केन्द्रमा सातजना र पाँच सयभन्दा बढी मतदाता रहेको केन्द्रमा आठजना कर्मचारी नियुक्त गरिएको छ । पर्सा जिल्लामा तीन हजार २०० भन्दा बढी कर्मचारी परिचालन गरिएका छन् । मतदान केन्द्रमा पाँचजना जिल्लाबाट र तीनजना स्थानीय स्वयंसेवक गरी आठजना कर्मचारीको व्यवस्था गरिएको छ ।

मङ्गलवार साँझ मतदान केन्द्रमा पुग्ने अधिकारीहरूले मतदान केन्द्रको चौहद्दीसहितको सूचना प्रकाशन गर्ने, मदिरा, हातहतियार निषेधित क्षेत्र घोषणासहितको सूचना निकाल्ने, सर्वदलीय बैठक बस्ने, मतदान प्रतिनिधि चयन गर्ने, मतदाता नामावलीको सूचना प्रकाशन गर्ने, वैशाख २८–२९ गते मतदाता परिचयपत्र वितरण गर्ने एवं मतदानस्थलमा मतदान कार्यको लागि तयारी पूरा गर्ने जिम्मेवारी रहेको छ ।

**मतदान भएकै दिन रातिदेखि मतगणना**

वैशाख ३० गते हुने स्थानीय तहको मतदानको मतगणना सोही दिन रातिदेखि शुरू हुने बताइएको छ ।

प्रमुख निर्वाचन अधिकृत झाले बिहान ७ देखि अपराह्न ५ बजेसम्म मतदानको समयावधि तोकिएको छ भने त्यसपछि बक्सा सिल गर्ने, ढुवानी गर्ने, सङ्कलन, भण्डारण गर्ने, मतगणनाको लागि व्यवस्थापन गर्ने, कागजात मिलाउने र खाना खाएर कर्मचारीहरूले करीब राति ९ बजेपछि मतगणना शुरू गर्ने बताइन् । चौधवटा पालिकाको चौध स्थानमा मतगणना हुने उनले जानकारी गराइन् ।

**यसरी मत दिए हुन्छ बदर**

मतदाताहरूले सहीरूपमा मतदान गर्न जिल्ला निर्वाचन कार्यालयले अपील गरेको छ । मतदाताले चुनाव चिह्नको कोठाभित्र मात्र स्वस्तिकको चिह्न एकपटक छाप लगाउनुपर्छ । यदि कुनै मतदाताले ल्याप्चे हानेको अथवा कोठाभन्दा बाहिर छाप लगाएमा मत बदर हुने जनाइएको छ ।

साथै दुईजना सदस्यको एउटा कोठामा एउटा स्वस्तिकको छाप मात्र लगाउनुपर्ने निर्वाचन कार्यालयले अनुरोध गरेको छ ।

## धोबिनीमा नेका, एमाले, जसपाबीच प्रतिस्पर्धा

धर्मेन्द्र चौरसिया, पोखरिया, २७ वैशाख/

पर्सा जिल्लाको धोबिनी गाउँपालिकामा स्थानीय चुनावमा



वशिष्टनारायण कुर्मी



सन्तोष पटेल



सद्दाम हुसेन



मदन चौहान



आरके पटेल



राधिकादेवी चमइन



मञ्जु देवी

त्रिपक्षीय भिडन्तको सम्भावना छ । नेपाली काङ्ग्रेस, एमाले र जसपाबीच धोबिनी गापामा यसपटक प्रतिस्पर्धा हुने स्थानीयको अनुमान छ ।

नेकाबाट अध्यक्षमा निवर्तमान अध्यक्ष सुरेश कुर्मीका सहोदर दाइ वशिष्टनारायण कुर्मी चुनावी मैदानमा छन् । गत चुनावमा भाइ र यो चुनावमा दाइले नेकाबाट टिकट पाएका छन् । जसपाबाट मदन चौहान चुनावी मैदानमा छन् ।

एमालेबाट सद्दाम हुसेन, माओवादीबाट सन्तोष पटेल र लोसपाबाट ललन पटेल प्रतिस्पर्धी छन् ।

उपाध्यक्षमा नेकाबाट मञ्जु देवी, जसपाबाट रञ्जु देवी, एमालेबाट अनारकली देवी, माओवादीबाट राधिकादेवी चमइन, लोसपाबाट राजपति देवी र स्वतन्त्र उम्मेदवारमा राजाप्रसाद कुर्मी (आरके पटेल) छन् ।


(बाँकी अन्तिम पातामा)

## मतदाता नामावलीमा नाम भएकाहरूले मात्र मत दिन पाउने– झा

प्रस, वीरगंज, २७ वैशाख/

स्थानीय तहको निर्वाचनमा मतदाता नामावलीमा नाम भएका मतदाताहरूले मतदाता परिचयपत्रबाहेक फोटोसहितको परिचय खुल्ने जुनसुकै पत्रबाट मतदान गर्न पाउने जिल्ला निर्वाचन कार्यालय, पर्साकी प्रमुख निर्वाचन अधिकृत रञ्जीता झाले बताइन् ।

उनले मतदाता नामावलीमा नाम भएका मतदाताले फोटोसहितको मतदाता नामावली प्राप्त गरेका छैनन् भने नेपाली नागरिकता, लाइसेन्स, राहदानी (पासपोर्ट)बाट पनि मतदान गर्न सक्ने बताइन् ।




मतदाता नामावलीमा नाम नभएकाहरूले भने मतदान गर्न नपाउने उनले प्रस्टयाइन् ।

स्थानीय तहको निर्वाचनको लागि मतदाता नामावलीमा नाम सच्याउने, बसाइँसराइ गर्ने, मृत्यु भएकाहरूको नाम हटाउने जस्ता अद्यावधिक कामहरू सम्पन्न भइसकेकाले यो निर्वाचनमा मतदाता नामावलीमा नाम नभएका कसैले पनि मतदान गर्न नपाउने उनले बताइन् ।

अब अघिल्लो चुनावको लागि पुनः मतदाता नामावली अद्यावधिक गर्ने क्रममा छुट भएका र नयाँ थप हुनेहरूको सहभागिता हुन सक्ने बताइन् ।

## विचारसार र सूक्तिहरू

**असल विचारहरूका साथ कोही पनि एक्लो हुँदैन ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१- ५२३१०५, ५२५१२२
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# सोचविचार गरी मतदान गरौं


**स्थानीय तह निर्वाचनको लागि मतदान गर्न अब तीन दिन मात्र बाँकी छ । भोलि अर्थात् वैशाख २७ गते राति १२ बजेपछि मौन अवधि शुरू हुन्छ । योसँगै निर्वाचनका बखत अन्तर्राष्ट्रिय नियम अनुसार सीमाहरू ७२ घण्टाका लागि बन्द हुन्छन् । निर्वाचन सकिएको दिन वैशाख ३० गते राति १२ बजेपछि मात्र उत्तरतर्फ चीनसँग जोडिएका र दक्षिणतर्फ भारतसँग जोडिएका नाकाहरू खुला हुनेछन् । सीमापारिबाट चुनाव प्रभावित नहोस् भनेर यी नियम दुवैतर्फका नाकामा निर्वाचनका बेला लागू हुने गरेको छ । स्थानीय तह चुनावको मौन अवधि शुरू हुनुअगावै सबै खाले चुनावी प्रचार बन्द गरिन्छ । त्यसैले आज र भोलि रातिसम्म चुनावी प्रचारप्रसारका कार्यक्रमहरू सकाउने गरी दल र उम्मेदवारहरू लागिपरेका छन् । यसपटकको चुनावमा मत बढी बदर हुने सम्भावना छ । गठबन्धनबाट चुनाव लडेकाहरूको मत झनै बदर हुन सक्ने अनुमान गरिंदैछ ।  स्वतन्त्र उम्मेदवारहरूको लागि दिइएको चुनाव चिह्न पनि दलहरू सरह सातवटा खण्डमा एकैथरी भएकाले गठबन्धनका उम्मेदवारहरूलाई मतदान गर्नेहरूको मत बदर हुने आशङ्का गरिएको हो । यसैले केही दल र उम्मेदवारहरूले मतदाता सचेत पार्ने कार्य पनि गरिरहेका छन् ।**

**मौन अवधिमा जहाँ चुनावी प्रचारप्रसार गर्न निषेध छ, त्यही बेला मतदातालाई आर्थिक प्रभावमा पार्ने कार्यहरू हुँदै आएकाले यो चुनावमा पनि सोही पुराना हतकन्डाको प्रयोग गरिने अनुमान गरिएको छ । मतदाताहरूलाई खानपिनमा रमाउन लगाउने र विगतमा भए गरेका तीतामीठा कुराहरूलाई बिर्साउने कार्य भइरहेका छन् । नगद नारायणबाट मतदाता प्रभावित हुने कार्य भएको पनि सुन्नमा आइरहेको छ । मतदान प्रत्येक पाँच वर्षमा हुने हुँदा यो अवसरको भरमग्दुर प्रयास गरेर असल उम्मेदवार चयन गर्ने जिम्मेवारी मतदाताको हो । यसमा सचेत मतदाताहरू पनि सक्रिय छन् । तर पर्सा जिल्लामा शिक्षाको स्तर आशाप्रदरूपमा बढिसकेको छैन । ५० वर्षमाथिका अधिकांश मानिस अहिले पनि साक्षरसम्म छैनन् । त्यसैगरी, आर्थिक अभाव झेल्दै आएको एउटा समूह पनि शिक्षाबाट विभिन्न कारणबाट वञ्चित हुनुपरेको छ । यस्ता खाले परिवारलाई दल र उम्मेदवारहरूले चुनावको बेला बढी प्रयोग गर्छन् । अहिले पनि पर्सा जिल्लाका १४ वटै पालिकामा यस प्रकारका गतिविधिहरू बढेका छन् । चुनाव जित्नका लागि साम, दाम, दण्ड भेद सबै नीति उम्मेदवारहरू अपनाउनबाट पछि पर्दैनन् । जसरी पनि चुनाव जित्नैपर्छ भन्ने मानसिकता उम्मेदवारहरूले बोकेर यो चुनावमा सोही अनुरूपको चरित्र प्रदर्शन गर्दै आएका पनि पाइएको छ ।**

**जितेकाहरूले पाँच वर्षमा गरेका राम्रा कार्यहरू देखाएर मतदाता आकर्षित गर्न सकेका छैनन् भने नयाँ उम्मेदवारहरू पनि विकासका नयाँ खाकाहरू कोरेर चुनावमा होमिएको भनेर मतदाताहरूलाई प्रभावित पार्न सकेका छैनन् । १४ वटै पालिकामा कुनै एउटा पनि पालिकामा जितेका उम्मेदवारलाई पुनः जिताउनुपर्छ भनेर मतदाता आकर्षित नभएका कारण जनप्रतिनिधिहरूले गरेका कार्यहरूको मूल्याङ्कन गर्न सकिन्छ । अहिले चुनावको बेला छ । दल र उम्मेदवारहरूले घ्यू र चिनी जस्तो चिप्ला र मीठा कुरा गर्नु स्वाभाविक हो । तर मतदाताहरूले उनीहरूको मूल्याङ्कन गर्न सक्नुपर्छ । अहिलेको एक महीना दल र उम्मेदवारहरूको आतिथ्य स्वीकार गरेर गलत निर्णय गर्ने हो भने ५९ महीना पछुतो गर्नुको विकल्प रहँदैन । तसर्थ मतदान गर्दा यी  सबै कुरामा एकपटक अवश्य ध्यान दिनु जरुरी छ ।**

# बीउबिजन भण्डारण बैंक र वनस्पति जैविक विविधता संरक्षण

ज्ञान विज्ञान



डा दीपा घिताल

> **अतः हामीले जैविक विविधताको संरक्षण गर्दा वनस्पति तथा जीवजन्तुहरूको वासस्थानको पनि संरक्षण गर्नुपर्दछ, जसले गर्दा वातावरणीय स्वच्छता, वायुमण्डलीय सन्तुलन रहने, जलवायु परिवर्तन र यसबाट हुने असरहरू कम हुने तथा खाद्य सुरक्षा र स्वच्छ जीवनयापन गर्न सकिन्छ, जुन समाज र मानवजीवनको लागि अपरिहार्य छ ।**

वनस्पतिहरूका आनुवांशिक विविधता जोगाइराख्न बीउबिजनको संरक्षण गर्ने गरिन्छ । यसका लागि कुनै उपयुक्त स्थान तोकेर प्राकृतिक वा खुला स्थानमा र बन्द क्षेत्रमा संरक्षण गर्ने ठाउँलाई नै बीउबिजन बैंक भनिन्छ। यसलाई आनुवांशिक बैंक पनि भनिन्छ । बीउबिजनको माध्यमबाट वनस्पतिहरूको संरक्षण दुई प्रकारले गर्न सकिन्छ । ती हुन्, जुन जहाँको वनस्पति हो, त्यही स्थानमा संरक्षण गर्नु वा प्राकृतिक स्थानमा नै संरक्षण गर्नु (In-situ conservation) र एक ठाउँको वनस्पतिलाई वातावरण अनुरूप अर्को स्थानमा अप्राकृतिक तरीकाबाट (Ex-situ conservation) संरक्षण गर्नु हो ।

**केही बीउबिजनको भण्डारण जानकारी**

बीउबिजन बैंकमा संरक्षण गर्नु भनेको जैविक विविधतालाई जोगाइराख्नु हो र यसको प्रारम्भिक बीउहरूबाट समय सुहाउँदो र माग अनुरूप केही फरक खालका विकसित बिरुवाहरू अनुसन्धान गरी निकाल्न सकिन्छ । रोग प्रतिरोधात्मक क्षमता भएका, कम पानी र बढी तापक्रम सहन सक्ने, बढी क्षमता भएका र वातावरण सुहाउँदो वनस्पतिहरू विकसित गर्न सकिन्छ, जसलाई आनुवांशिक परिमार्जित वनस्पति भनिन्छ र यो पनि बीउबिजन बैंकको एक महत्त्वपूर्ण काम हो। यस बैंकमा विभिन्न खाद्य बालीहरूको बीउबिजन तथा जङ्गली वा अखाद्य वनस्पतिहरूको बीउबिजन भण्डारण गरिन्छ । खाद्य बालीहरूको बीउबिजन संरक्षण गर्दा आवश्यक परेको बेलाबखतमा बीउबिजन बैंकमार्फत बीउहरू उपलब्ध गराउन सकिन्छ, साथै ती बैंकमा बेलाबेलामा बीउबिजनहरू जम्मा वा भण्डारण पनि गरिरहनुपर्दछ। त्यसैगरी, अखाद्य वा जङ्गली वनस्पतिहरू जुन औषधिजन्य, तैलीय, सुगन्धित वा फूलहरूको रूपमा हाम्रो प्रयोगमा आइरहेका छन्, तिनीहरूको पनि धेरै नै महत्त्वपूर्ण स्थान छ । धेरै यस्ता वनस्पतिहरू संसारबाट नै लोप भइसकेका छन्, केही लोप हुने अवस्थामा छन् र यस्ता वनस्पतिहरूलाई सङ्कटापन्न वनस्पतिहरू पनि भनिन्छ, यिनीहरूलाई पनि संरक्षण गर्नु अति आवश्यक हुन्छ।

विभिन्न विकसित मुलुकहरूले बीउबिजन बैंकको आवश्यकता महसूस गरेर यसको स्थापना गरिसकेका छन् । जसमा बेलायतको किउ (Kew) मा रहेको रोयल बोटानिकल गार्डेनमा स्थापना गरिएको मिलेनियम सिड बैंक (Millenium Seed Bank, MSB) प्रख्यात बीउबिजन बैंक हो। यहाँ विभिन्न स्थानहरूबाट सङ्कलन गरिएका ३९,००० वटाभन्दा बढी किसिमका वनस्पतिहरूका बीउबिजनहरू भण्डारण गरिएका छन् । मिलेनियम सिड बैंक वनस्पतिहरूको Ex-situ conservation को एउटा राम्रो व्यवस्थापकीय भण्डारण केन्द्रको उदाहरण हो । त्यसैगरी, भारतको दिल्लीमा अवस्थित नेशनल ब्युरो अफ प्लान्ट जेनेटिक रिसोर्सेस (National Bureau of Plant Genetic Resources, NBPGR) राष्ट्रियस्तरको बीउबिजन बैंक हो र नर्वेमा अवस्थित सभाल्बार्ड ग्लोबल सिड भल्ट (Savalbard Global Seed Vault) विश्वको एउटा चर्चित बीउबिजन सङ्कलन र भण्डारण केन्द्र हो । नेपालमा पनि कृषि क्षेत्रका खाद्य बालीहरूको संरक्षण गर्ने उद्देश्यले कृषि अनुसन्धान रिसर्च काउन्सिल र नेपाल सरकारको सहकार्यमा राष्ट्रिय आनुवांशिक रिसोर्स सेन्टर (National Agricultural Genetic Resource Center, Gene Bank) स्थापना गरिएको छ। त्यसैगरी, नेपालमा नै उत्सर्जन भएका जङ्गली, औषधिजन्य र अति महत्त्वपूर्ण वनस्पतिहरूको बीउबिजन भण्डारण गर्ने उद्देश्यले इसं २०१० मा नेपाल विजान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (नास्ट), इटालीको EVK2CNR र पाभिया युनिभर्सिटी (Pavia University)को समन्वयमा नास्टमा हिमालयन सिड बैंक (Himalayan Seed Bank, HSB) स्थापना गरिएको छ । यहाँ विभिन्न हिमाली भेगका बीउबिजनहरू सङ्कलन गरी भण्डारण गरिएका छन् ।

**बीउबिजनहरू कसरी भण्डारण गर्ने ?**

बीउबिजन बैंकमा भण्डारण गरिएका वनस्पतिहरूका बीउहरू सय वर्षभन्दा पनि बढी जस्ताको त्यस्तै अवस्थामा रहिरहन्छ । यसका लागि बीउबिजनहरूलाई उपयुक्त वातावरण मिलाएर व्यवस्थित तरीकाले भण्डारण गर्नु आवश्यक हुन्छ । बीउबिजन बैंक भनेको वनस्पतिहरूको बीउबिजनलाई यसको प्राकृतिक वासस्थानबाट सङ्कलन गरी अप्राकृतिक तर उपयुक्त तरीकाले बनाइएका संरचनामा भण्डारण गर्ने स्थान हो । भण्डारणका लागि बीउबिजनहरूलाई विभिन्न निम्न प्रक्रियाहरूबाट भण्डारण योग्य बनाउनुपर्दछ ।

**१) बीउबिजन र वनस्पतिका नमूना सङ्कलन (Seed and herbarium collection)**

भण्डारण गरिने बीउबिजन राम्रोसँग यसको प्राकृतिक बासस्थानबाट सङ्कलन गरिन्छ र कपडाको झोलामा राखेर बीउबिजन बैंकसम्म ल्याइन्छ । सङ्कलन गर्दा निषेधित क्षेत्र भएमा उक्त क्षेत्रको सङ्कलन अनुमति लिनु आवश्यक हुन्छ । सङ्कलन गर्ने क्रममा राम्रो र अङ्कुरण हुन सक्ने, कीरा वा ढुसी नलागेका बीउहरू छानेर लिनुपर्दछ। एकपटक सङ्कलन गर्दा करीब २००० को सङ्ख्यामा बीउहरू सङ्कलन गर्नुपर्दछ । बीउबिजनसँगै ती वनस्पतिहरूका हर्बेरियमका नमूनाहरू पनि सङ्कलन गर्नुपर्दछ र अन्य विवरणहरू जस्तैः ठाउँको नाम, वनस्पतिका विवरणहरू, सङ्कलन मिति, समय, भौगोलिक अवस्था र वरिपरिका वनस्पतिहरू आदिका विवरणहरू पनि राख्नुपर्दछ ।

**२) पहिचान र बीउबिजनको सफाइ (Identification and cleaning)**

सङ्कलित वनस्पतिका हर्बेरियमका नमूनाहरूका आधारमा बिरुवाहरूको बीउ पहिचान गरिन्छ । सङ्कलित बीउलाई यसको फलबाट छुट्ट्याएर निकालिन्छ। ठूला फलहरूलाई हात वा मेशिनको प्रयोग गरेर सफा गरिन्छ र बीउ छुट्ट्याइन्छ भने सानालाई चाल्नाको मदतबाट छुट्ट्याइन्छ।

**३) बीउको गुणस्तर पहिचान र मापन (Seed quality test and quantifying)**

बीउबिजन भण्डारण गर्नुपूर्व यसको गुणस्तर पहिचान गरेर मात्र भण्डारण गर्न सकिन्छ । गुणस्तर पहिचान गर्न बीउ अङ्कुरण प्रविधि अपनाउनुपर्दछ । बीउलाई उपयुक्त वातावरणमा अङ्कुरण गराइ कति मात्रामा बीउहरू व्यवहारिक वा जीवित वा सम्भाव्यता छन् भन्ने कुरा पत्ता लगाउनुपर्दछ । बीउ आधा पारेर कट टेस्ट प्रविधिबाट सम्भाव्यता पत्ता लगाउन सकिन्छ । त्यसैगरी, रसायन (Tetrazolium chloride) को प्रयोग गरी टेट्राजोलियम टेस्ट (Tetrazolium test, TZ test) बाट पनि बीउको सम्भाव्यता जाँच गरिन्छ, त्यसपछि १००० वटा बीउको तौल लिएर यसको रेकर्ड राखिन्छ।

**४) बीउबिजन सुकाउने (Drying)**

कुनै पनि बीउबिजनमा रहने पानीको मात्रा (Seed moisture)ले यसको भण्डारण आयु वा जीवित रहने समय थाहा पाइन्छ । लामो समय बीउको भण्डारण गर्न यसलाई राम्ररी सुकाउनुपर्दछ र सुक्खा राख्नुपर्दछ । यसको लागि सङ्कलित बीउबिजनहरूलाई ड्राइङ रूम (Drying room), जुन १५ प्रतिशत (Humidity) आद्रता र १५ डिग्री सेन्टिग्रेड तापक्रममा मिलाएर राखिएको कोठामा केही दिनदेखि केही हप्तासम्म राखिन्छ। त्यसपछि ती बीउबिजनहरूलाई हाइग्रोमिटर (Hygrometer) को प्रयोग गरी यसमा रहेको पानीको मात्रा (Seed moisture) मापन गरिन्छ । यदि ५ प्रतिशतदेखि ७ प्रतिशतसम्म पानीको मात्रा छ भने ती बीउहरू भण्डारण योग्य हुन्छन्।

**५) बीउबिजन प्याकिङ (Packing)**

सफा गरी राम्ररी सुक्खा बनाइएका बीउलाई सुक्खा भाँडा वा हावा नछिर्ने ( Air Tight) प्लास्टिक झोलामा राम्ररी बन्द गरिन्छ। पानीरहित राखन बीउबिजनको प्याकिङ ड्राइङ रूममा नै गरिन्छ । त्यसपछि ती बीउबिजनहरू राखिएको कन्टेनर (Container)को बाहिर त्यस बीउसँग सम्बन्धित जानकारी र कोड नम्बर (Code number) वा नाम टाँसेर राखिन्छ।

**६) भण्डारण (Cold storage)**

राम्रोसँग बीउबिजनहरूलाई भण्डारण गर्न भण्डारण गरिने ठाउँको तापक्रम –२० डिग्री सेन्टिग्रेडमा मिलाएर राखनुपर्दछ । छोटो समयसम्म बीउबिजनहरू भण्डारण गर्न बीउमा कम सुक्खापन र भण्डारण कक्ष केही मात्र चीसो भएपनि पुग्छ भने लामो समयसम्मको लागि भण्डारण गर्न बीउबिजनहरूलाई राम्रोसँग व्यवस्थापन गर्नुपर्दछ । यसरी भण्डारण गरिएका बीउबिजनहरूलाई केही वर्षको अन्तरालमा यसको अङ्कुरण सम्भाव्यताको चेक जाँच गरिरहनुपर्दछ । यदि सम्भाव्यताको जाँच गर्दा ठीक रहेमा बीउहरूलाई यथास्थितिमा भण्डारण गरिराख्ने र यदि कम सम्भाव्यता भएका बीउहरू भएमा ती बीउहरू बीउबिजन बैंकबाट हटाएर पुनः तीनको सङ्कलन गरी भण्डारण गर्नुपर्दछ । सबै वनस्पतिका बीउहरू उस्तै वातावरणमा अङ्कुरण हुन सक्दैन। कुनै बीउ धेरै सूर्यको प्रकाशमा अङ्कुरण हुन्छ भने कुनै थोरै प्रकाशमा नै हुने गर्दछ । त्यसैगरी, कुनै बीउबिजनहरूलाई अङ्कुरण गराउन चीसो वा तातोको प्रयोग गर्नुपर्छ र कुनैलाई बीउको बोक्रा निकाल्नुपर्दछ । यसरी बीउबिजनहरूका प्रकार हेरी यसलाई विभिन्न तरीका अपनाइ यसका सम्भाव्यता जाँच गरिन्छ, जसलाई Ex-situ dormancy treatments भनिन्छ।

बीउबिजन बैंकमा भण्डारण गरिएका वनस्पतिका बीउहरू कति वर्षसम्म जीवित रहन सक्छ वा बीउबिजनको आयु कति वर्षसम्म रहन सक्छ भन्ने हिसाब निकाल्न विभिन्न अध्ययन र अनुसन्धानहरू भइरहेका छन् । यसमा फरक–फरक बीउबिजनहरूको आयु पनि फरक–फरक रहने गर्दछ । अध्ययनमा जति वर्ष पुरानो बीउ भयो, त्यति आयु कम हुने देखिएको छ। यस प्रकारको अध्ययनबाट कति–कति वर्षमा बीउबिजन बैंकबाट भण्डारण गरिएका वनस्पतिका बीउहरू साट्ने कुराको पनि जानकारी हुन्छ। यदि ८५ प्रतिशतभन्दा कम बीउहरू अङ्कुरण भयो भने वा सम्भाव्यता देखियो भने यसलाई बीउबिजन बैंकबाट साट्नुपर्दछ । बीउबिजन बैंकमा भण्डारण गरिएका वनस्पतिका बीउहरूको राम्ररी कम्प्युटरमा डाटा बेस (Data base) राखेर यसका रेकर्डहरू राख्नुपर्दछ, जुन चाहिएको बेलामा सजिलैसँग बैंकबाट निकालेर प्रयोगमा ल्याउन सकियोस् । यसरी भण्डारण गरिएका केही बीउहरू अध्ययन अनुसन्धानमा प्रयोग गरी नयाँ जानकारी लिन सकिन्छ । विशेषगरी हिमाली भेगलाई वनस्पतिहरूको भण्डार पनि भनिन्छ र यस भेगमा पाइने वनस्पतिहरू हामीलाई धेरै उपयोगी हुन्छन् । विश्वको २.८० प्रतिशत वनस्पति मात्रै नेपालको भूभागमा पाइन्छ। यसमा पनि करीब ६३ प्रतिशत स्थानीय प्रजाति मात्रै हिमाली उच्च भेगमा पाइन्छ । तर जलवायु परिवर्तनका कारण विशेषतः तापक्रम वृद्धिले गत ३०–४० वर्षयतादेखि उच्च हिमाली भेगका वनस्पतिहरू लोपोन्मुख छन् । यस्ता वनस्पतिहरूलाई समयमा नै भण्डारण गरी जोगाइराख्न सकिएन भने भविष्यमा ती वनस्पतिहरू लोप हुन सक्छन्। अध्ययन अनुसार झन्डै ६०० वनस्पति अहिलेसम्म लोप भइसकेका छन् र यो क्रम तीव्र गतिमा भइरहेको छ ।

नेपालको जैविक विविधता जोगाइराख्न विभिन्न क्षेत्रहरूमा संरक्षण क्षेत्र र राष्ट्रिय निकुञ्जहरूको स्थापना गरी यहाँका वनस्पति तथा जीवजन्तुहरूको संरक्षण गर्ने प्रयासहरू भएका छन् । यसमा स्थानीय तहदेखि केन्द्रीय तहसम्म, विभिन्न संस्थागत तथा व्यक्तिहरू कार्यरत रहेर संरक्षणका कामहरू भइरहेका छन्। नेपालमा मात्रै १८० पर्यावरण, ७५ प्रकारका वनस्पतिका तह र ३५ प्रकारका जङ्गल पाइएका छन् ।

अतः हामीले जैविक विविधताको संरक्षण गर्दा वनस्पति तथा जीवजन्तुहरूको वासस्थानको पनि संरक्षण गर्नुपर्दछ, जसले गर्दा वातावरणीय स्वच्छता, वायुमण्डलीय सन्तुलन रहने, जलवायु परिवर्तन र यसबाट हुने असरहरू कम हुने तथा खाद्य सुरक्षा र स्वच्छ जीवनयापन गर्न सकिन्छ, जुन समाज र मानवजीवनको लागि अपरिहार्य छ ।

(लेखक नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (नास्ट)की वरिष्ठ वैज्ञानिक अधिकृत हुन्। साभारः विज्ञान लेखमाला)

# वीरगंज-२१ मा चार पक्षबीच भिडन्त

प्रस, परवानीपुर, २७ वैशाख/

वीरगंज महानगरपालिका वडा नं २१ लिपनीबिर्ताको अध्यक्ष पदका लागि चार पक्षबीच भिडन्त हुँदैछ । आगामी वैशाख ३० गतेको चुनावमा नेपाली काङ्ग्रेसबाट वडाध्यक्ष जतनराउत कुर्मी, नेकपा एमालेबाट हबिब मियाँ, जसपाबाट सञ्जय मण्डल, लोसपाबाट राधाकृष्ण रौनियारको प्यानलबीच कडा प्रतिस्पर्धा हुने देखिन्छ ।

करीब ३४ सय मतदाता रहेको सो वडामा वडाध्यक्षले नौ सयदेखि एक हजार मत ल्याइ विजयी भएको अडकल गरिंदैछ ।

नेकाबाट जतनराउत यसअघि दुईपटक गाविस अध्यक्ष भइसकेका उम्मेदवार हुन् । गत चुनावमा नेकाबाट निर्वाचित हबिब मियाँ यसपटक एमाले प्रवेश गरेर सोही पार्टीबाट चुनाव

(बाँकी अन्तिम पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन: ९८४५११९४४८

## मतदान केन्द्रमा पाल/त्रिपालको व्यवस्था गरिने

# अत्यावश्यक सेवाका लागि सवारी पास नचाहिने

काठमाडौं, २६ वैशाख/रासस

यही वैशाख ३० गते सम्पन्न हुने स्थानीय तह सदस्य निर्वाचनका दिन वर्षाका कारणले मतदान र मतगणना कार्य प्रभावित नहुने गरी जोगाउन र निर्वाचन सामग्रीसमेतको सुरक्षा गर्न निर्वाचन आयोगले तदारूकता देखाएको छ।



तस्वीरः रासस

उक्त दिन बिहान ७ बजेदेखि मतदान कार्य सम्पन्न नभएसम्मका लागि मतदान हुने सबै मतदान केन्द्रमा वर्षात्को पानीबाट बच्न पाल/त्रिपाल वा प्लास्टिकको व्यवस्था गर्नका लागि आयोगले सबै स्थानीय तहले सम्बन्धित निर्वाचन अधिकृत, मतदान अधिकृत र प्रमुख जिल्ला अधिकारीसँग समन्वय गरी आवश्यक व्यवस्था मिलाउन निर्वाचन आयोग ऐन, २०७३ को दफा ४० बमोजिम सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत सबै स्थानीय तहलाई निर्देशन दिने निर्णय गरेको छ।

साथै सोको आवश्यक समन्वय एवं सहजीकरणका लागि गृह मन्त्रालयमार्फत सबै प्रमुख जिल्ला अधिकारीलाई निर्देशन गर्ने निर्णय गरिएको आयोगका प्रवक्ता एवं सहसचिव शालिग्राम शर्मा पौडेलले जानकारी दिए।


**अत्यावश्क सेवाका लागि सवारी पास नचाहिने**

निर्वाचनलाई स्वचछ, निष्पक्ष, पारदर्शी तथा भयमुक्त वातावरणमा सम्पन्न गर्न आयोगले मतदानका दिन आन्तरिकरूपमा सञ्चालन हुने सबै प्रकारका यातायात बन्द गर्ने निर्णय गरेको छ। निर्वाचनसम्बन्धी कुनै कार्यमा प्रयोग नहुने गरी एम्बुलेन्स, खानेपानीको टयाङ्कर, दूध बोक्ने सवारीसाधन, दमकल, दूरसञ्चार तथा केबल सेवा, शववाहन, अस्पतालका स्वास्थ्यकर्मीको आवागमनका लागि प्रयोग हुने साधन, अस्पतालमा कार्यरत परिचयपत्र प्राप्त चिकित्सकले प्रयोग गर्ने सवारीसाधन, फोहरमैला ओसारपसार गर्ने सवारीसाधन, तरकारी, फलफूल तथा विद्युत् सेवा जस्ता अत्यावश्यक सेवा र नम्बर प्लेटमा सिडी उल्लेख भएका कूटनीतिक नियोगका सवारीसाधनको हकमा सवारी अनुमतिपत्र लिनुपर्ने छैन।

आयोगले स्थानीय तह निर्वाचन निर्देशिका, २०७८ को दफा ७१ (मादक पदार्थ निषेध गर्ने)मा भएको व्यवस्थाको प्रभावकारी कार्यान्वयनका लागि मिति २०७९ वैशाख २७ गते मङ्गलवार राति १२ बजेदेखि मतदान कार्य सम्पन्न नभएसम्मका लागि तोकिएका क्षेत्रमा मादक पदार्थको बिक्री वितरण र सेवन कार्य सख्त निषेध गर्ने निर्णय गरेको छ।

**मतदाता शिक्षा दिइँदै**

आयोगले ७७ जिल्लाका मुख्य निर्वाचन अधिकृतको कार्यालय, ६७६ वटा निर्वाचन अधिकृतको कार्यालय, सातवटा प्रदेश निर्वाचन कार्यालय र ७० वटा जिल्ला निर्वाचन कार्यालयलाई वैशाख ३० गते सम्पन्न हुने स्थानीय तह सदस्य निर्वाचनका लागि निर्वाचन प्रचारप्रसार तथा मतदाता शिक्षा कार्यक्रम अन्तर्गत निर्वाचन तथा मतदाता शिक्षा निर्देशिका तथा स्थानीय तह निर्वाचन निर्देशिकामा मतदान स्थलमा मतदाता सूचना कक्षका माध्यमबाट मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्ने व्यवस्था भएकामा मतदानको दिन (वैशाख ३० गते) उक्त कार्यक्रम नगरी मतदानको अघिल्ला दुई दिन (वैशाख २८ र २९ गते) मतदान स्थलमा सम्बन्धित मतदान अधिकृतको नेतृत्वमा खटिने मतदान टोलीबाट आयोगले उपलब्ध गराएका मतदाता परिचयपत्रको वितरण गर्नेछ।




आयोगले उपलब्ध गराएका नमूना मतपत्रलगायतका पोस्टर, ब्रोसर आदि छपाइ सामग्रीका माध्यमबाट मतदान गर्ने सही तरीका गराउन निर्देशन दिएको छ।

**गोरखापत्रलाई स्पष्टीकरण**

आयोगले गोरखापत्र दैनिकका प्रधानसम्पादकलाई मिति २०७९ वैशाख २२ गते गोरखापत्र दैनिकको पृष्ठ १ र २ मा प्रकाशित ‘गठबन्धनप्रति इमानदार बन्न देउवाको आग्रह’ शीर्षकको समाचारले कुनै राजनीतिक दल वा उम्मेदवारका पक्षमा प्रचारप्रसार गर्न खोजेको हो, होइन ? भन्दै तीन दिनभित्र स्पष्ट पार्न भनेको छ।

यसैगरी, गोरखापत्र दैनिकमैं वैशाख २५ गते स्थानीय तह निर्वाचन–२०७९ विशेष स्तम्भमा प्रकाशित ‘बागी उम्मेदवारको प्रभाव नगन्य छ’ शीर्षक अन्तर्गत भरतपुर महानगरपालिकाको प्रमुखका उम्मेदवार रेणु दाहालको अन्तर्वार्ता छापिएको विषयप्रति ध्यानाकर्षण जनाउँदै गोरखापत्रका प्रधानसम्पादकलाई पत्र प्राप्त भएको समयले २४ घण्टाभित्र सो विषयमा जवाफ पेश गर्न निर्देशन दिएको छ।

निर्वाचन आचारसंहिता, २०७८ को दफा २२ मा सञ्चार प्रतिष्ठान, सम्बद्ध कर्मचारी तथा पत्रकारले पालना गर्नुपर्ने आचरण अन्तर्गतको खण्ड (ख)मा कसैको पक्ष वा विपक्षमा समाचार प्रकाशन वा प्रसारण गर्न नहुने र सोही आचारसंहिताको दफा ६ मा सार्वजनिक संस्था र सोमा कार्यरत कर्मचारीले पालना गर्नुपर्ने आचरण अन्तर्गत खण्ड (क)मा कुनै राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा प्रचारप्रसारमा संलग्न हुन वा प्रचारप्रसार गर्न नहुने व्यवस्था रहेको छ। आयोगले स्थानीय तह निर्वाचनको मौन अवधिमा विभिन्न टेलिकम सेवाप्रदायकमार्फत भ्यालु एडेड सर्भिस (भिएएस) सेवाप्रदायकबाट मौन अवधिमा कुनै पनि प्रचारप्रसार हुने प्रकृतिको बल्क एसएमएस सेवासम्बन्धी काम नगर्न सम्बन्धित भिएएस सेवाप्रदायकलाई नेपाल दूरसञ्चार प्राधिकरणमार्फत आयोगले आवश्यक निर्देशन दिएको छ।

यस्तै, स्थानीय तह निर्वाचनमा सबै मतदाताको मताधिकार सुनिश्चित गर्न मतदान हुने दिन वैशाख ३० गते निजी क्षेत्र, विभिन्न सङ्घसंस्था, निकाय, गैरसरकारी संस्था, बैंक तथा वित्तीय संस्था, सहकारी सबैलाई सो दिन बिदा दिन आयोगले आग्रह गरेको छ।


मतदान सामग्री रुजु गर्दै मतदान केन्द्रमा खटिएका कर्मचारी। तस्वीरः रासस



# बागी उम्मेदवारका कारण पार्टी पराजित भए कसैलाई छुट हुँदैन -प्रधानमन्त्री देउवा

काठमाडौं, २६ वैशाख/रासस

नेपाली काङ्ग्रेसका सभापति एवं प्रधानमन्त्री शेरबहादुर देउवाले आउने चुनावमा बागी उम्मेदवारका कारण पराजित भएमा पार्टीले छुट नदिने बताएका छन्।


तस्वीरः रासस

धनगढीमा सोमवार आयोजित चुनावीसभामा प्रधानमन्त्री देउवाले बागी उम्मेदवारकै कारण पराजित भएमा पार्टीले बागी उम्मेदवारलाई कारबाही गर्ने बताएका हुन्।

चुनावमा उठेका पार्टीका बागी उम्मेदवारलाई आआफ्नो उम्मेदवारी फिर्ता लिएर पार्टीका उम्मेदवारलाई विजयी गराउन उनले आग्रह गरे।

प्रधानमन्त्री देउवाले वर्तमान संविधानले जथाभावीरूपमा संसद् विघटन गर्ने प्रावधान प्रधानमन्त्रीलाई नदिएको भएपनि तत्कालीन प्रधानमन्त्री केपीशर्मा ओलीले विनाकारण संसद् विघटन गर्दा आफूसहित नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल, नेकपा एमालेका तत्कालीन नेता माधव नेपालले विरोध गरेको बताए।

उनले भने, “संसद् भङ्ग गर्ने एमालेले संसद् पुनर्स्थापित हुँदा पनि चल्न दिएको छैन, चुनाव जितेमा ओलीजीले फेरि त्यही काम गर्ने हुन्, त्यसैले आगामी सबै निर्वाचनहरू गठबन्धनले नै जित्नुपर्छ।”

देउवाले सुदूरपश्चिम प्रदेश आफ्ना लागि अत्यन्त महत्त्वपूर्ण रहेको बताउँदै सुदूरपश्चिमकै कारण आफू देशको प्रधानमन्त्री भएको बताए।

देउवाले सुदूरपश्चिम प्रदेशको विकासका लागि आफूले सक्दो प्रयास गर्ने प्रतिबद्धता व्यक्त गर्दै खुटिया–दिपायल–बझाङसम्मको सडक, कर्णाली नदी किनारै किनार हुँदै अछाम जोड्ने सडक निर्माणका लागि पहल गर्ने बताए।

प्रधानमन्त्री देउवाले विकासका लागि सुदूरपश्चिम प्रदेशलाई पहिलो प्राथमिकता दिएर आफूले काम गर्नेसमेत बताए।

नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले गठबन्धन दलहरूले देशलाई दुर्घटना हुनबाट जोगाएको बताउँदै यही गठबन्धनमार्फत मुलुकमा स्थायित्व कामय राख्दै नयाँ युगको सुरुआत गरिने बताए।

उनले अहिलेको गठबन्धन दलका शीर्ष नेताहरूबीच विवाद र असमझदारी सिर्जना गरेर गठबन्धनलाई विभाजित गर्ने षड्यन्त्र गर्ने तत्त्व सक्रिय रहेकाले सचेत हुनुपर्ने बताए।

अध्यक्ष प्रचण्डले ठूलो त्याग र बलिदानबाट प्राप्त राजनीतिक उपलब्धि र जनताका अधिकारको रक्षाका लागि गठबन्धन बनेको बताउँदै आउने चुनावमा गठबन्धन दलका साझा उम्मेदवारलाई विजयी बनाउन आग्रह गरे।

नेकपा (एकीकृत समाजवादी)का उपाध्यक्ष प्रमेश हमालले नेकपा एमाले सर्वसत्तावादी चिन्तन बोकेर अगाडि बढ्दा देशमा समस्या आएको आरोप लगाए।

सभामा नेपाली काङ्ग्रेसका केन्द्रीय सहमहामन्त्री फरमुल्लाह मन्सुर, नेपाली काङ्ग्रेसका केन्द्रीय सदस्य डा आरजु राणाा देउवा, धनगढी उपमहानगरपालिकाको प्रमुख पदका प्रत्याशी एवं नेपाली काङ्ग्रेसका केन्द्रीय सदस्य नृपबहादुर बड, नेकपा (एकीकृत समाजवादी)का केन्द्रीय सदस्य दीर्घ सोडारीलगायतका वक्ताले गठबन्धनका उम्मेदवाहरूलाई मत दिएर जिताउन आग्रह गरे।

# निर्वाचनविरोधी गतिविधि गर्ने जो कोही कारबाहीको भागीदार हुनेछ –गृह मन्त्रालय

काठमाडौं, २६ वैशाख/रासस

गृह मन्त्रालयले निर्वाचनविरोधी गतिविधि गर्ने, समाजमा शान्ति र सहिष्णुता बिथोल्ने तथा मतदातालाई स्वतन्त्ररूपले आफ्ना प्रतिनिधि छनोट गर्ने अवसरलाई प्रभावित पार्ने जो कोही पनि कानूनबमोजिम कारबाहीको भागीदार हुने जनाएको छ।

मन्त्रालयले सोमवार एक विज्ञप्ति जारी गरी केही राजनीतिक दल, तिनका प्रतिनिधि तथा उम्मेदवारबाट निर्वाचन प्रचारप्रसारका नाममा आपसी द्वन्द्व, विवाद तथा झैंझगडाका छिटपुट घटना घट्ने गरेका, निर्वाचन आचारसंहिताको प्रतिकूलका केही क्रियाकलाप भइरहेका सूचना प्राप्त भएको जनाएको छ।

निर्वाचनलाई शान्त स्वच्छ, निष्पक्ष धाँधलीरहित तथा भयरहित वातावरणमा सम्पन्न गर्न सहयोग गर्नु सबैको कर्तव्य भएको जनाउँदै मन्त्रालयले निर्वाचनविरोधी गतिविधि गर्ने जो कोही कानूनबमोजिम कारबाहीको भागीदार हुने उल्लेख गरेको छ। निर्वाचनको बहानामा कानूनविपरीतका गतिविधिमा संलग्न हुने र कानून हातमा लिने छुट कसैलाई पनि नभएको र त्यस्ता गतिविधिको सुरक्षा निकायबाट सूक्ष्म निगरानी भइरहेको मन्त्रालयका सहसचिव एवं प्रवक्ता फणिन्द्रमणि पोखरेलद्वारा आज जारी विज्ञप्ति जनाइएको छ।

स्थानीय तहको निर्वाचन यही वैशाख ३० गते देशभर एकै चरणमा हुँदैछ। नेपाल सरकारले संविधान, प्रचलित कानून तथा स्थानीय तह निर्वाचन एकीकृत सुरक्षा योजना, २०७८ अनुरूप निर्वाचन स्वच्छ, भयरहित र निष्पक्ष वातावरणमा सञ्चालन गर्न आवश्यक सुरक्षा व्यवस्था कायम गर्न र निर्वाचन व्यवस्थापनका लागि देशभर करिब दुई लाख ६० हजारको सङ्ख्यामा सुरक्षाकर्मी र करीब तीन लाखको हाराहारीमा कर्मचारी परिचालन गरेको छ।

मतदानका लागि मतदातालाई निर्वाचन प्रणाली, राजनीतिक पद्धति, उम्मेदवार तथा तिनका प्रतिबद्धता, राजनीतिक दल तथा तिनका विचार र घोषणापत्रका सम्बन्धमा सुसूचित हुनु आवश्यक छ। निर्वाचन असल सामाजिक संस्कार, सद्भाव र लोकतान्त्रिक अभ्यास विकासको अवसरसमेत हो। निर्वाचनका माध्यमबाट जनप्रतिनिधि छनोट गर्ने पवित्र कार्यमा सहभागी भई सहयोग र सहजीकरण गरी राष्ट्रसेवक कर्मचारी, सुरक्षाकर्मीलाई आफ्नो कर्तव्य पालनामा साथ दिनुहुन मन्त्रालयले सम्बन्धित सबैलाई अनुरोध गरेको छ।

# मौन अवधिमा पालना गर्नुपर्ने आचरण

मौन अवधिमा राजनीतिक दलका पदाधिकारी वा उम्मेदवार तथा दलका भ्रातृ सङ्गठन वा सम्बन्धित व्यक्तिले देहायका आचरण पालना गर्नुपर्नेछ–

(क) मौन अवधिभर निर्वाचन प्रचारप्रसार लगायत कुनै पनि प्रकारका छलफल, अन्तर्क्रिया, सभा, सम्मेलन, कार्यशाला, गोष्ठी आदि गर्न नहुने,

(ख) मौन अवधि शुरू हुनुभन्दा अगाडि मतदान स्थलको तीन सय मिटर वरिपरि राखिएका राजनीतिक दल वा उम्मेदवारका प्रचारप्रसारका सामग्री हटाउनुपर्ने,

(ग) कुनै पनि विधि, प्रक्रिया वा माध्यमबाट मत माग्न वा निर्वाचन प्रचारप्रसार गर्न नहुने,

(घ) सामाजिक सञ्जाल, अनलाइन, छापा वा अन्य कुनै माध्यमबाट राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा कुनै सन्देश, सूचना वा प्रचारप्रसारका सामग्री पोस्ट वा शेयर गर्न वा गराउन नहुने ।

**मतदानको दिन पालना गर्नुपर्ने आचरण :**

मतदानको दिन राजनीतिक दल, उम्मेदवार तथा दलका भ्रातृ सङ्गठन वा सम्बन्धित व्यक्तिले देहायका आचरण पालना गर्नुपर्नेछ–

(क) मतदान केन्द्रमा राजनीतिक दल वा उम्मेदवारका प्रतिनिधिले निर्वाचन चिह्न वा मत सङ्केत भएको पहिरन वा ब्याच लगाउन नहुने,

(ख) मतदान केन्द्रमा कुनै राजनीतिक दल वा उम्मेदवारको पहिचान देखिने एकै किसिमको साङ्केतिक पोशाक र चीजवस्तु लगाउन, बोक्न वा देखाउन नहुने,

(ग) कुनै किसिमको सवारीसाधन प्रयोग गरी आवतजावत गर्न वा कसैलाई लैजाने वा ल्याउने गर्न नहुने, तर सात महीनाभन्दा बढी अवधिका गर्भवती महिला, सुत्केरी, साथमा आफ्नै बच्चा बोकेकी महिला, क्रियापुत्री, शारीरिकरूपले अशक्त वा अपाङ्गता भएका व्यक्ति, हिड्डुल गर्न नसक्ने ज्येष्ठ नागरिक जस्ता मतदाताको लागि निर्वाचन अधिकृतले अनुमति दिएको सवारीसाधन प्रयोग गर्न बाधा पर्नेछैन ।

(घ) मतदाता तथा आयोगले अनुमति दिएका व्यक्ति वा अधिकारीबाहेक अन्य कुनै पनि व्यक्ति मतदान केन्द्रमा प्रवेश गर्न नहुने ।

**मतदाता र मतदान तथा मतगणनाप्रतिनिधिले पालना गर्नुपर्ने आचरण**

**मतदाताले पालना गर्नुपर्ने आचरण:**

(क) मतदान केन्द्रमा मतदान गर्न जाँदा प्रज्वलनशील ठोस वा तरल पदार्थ, मोबाइल, क्यामरा साथमा लिएर जान नहुने,

(ख) मतदान केन्द्रमा मतदान गर्न जाँदा कुनै नशालु पदार्थ वा मादक पदार्थ सेवन गर्न नहुने,

**स्थानीय तह निर्वाचन- २०७९**

**३ दिन बाँकी**

(ग) मतदातालाई मतदान गर्न जान वा मतदान गर्नबाट वञ्चित गराउने अभिप्रायले झूटा अफवाह, भ्रामक समाचार फैलाउन वा कुनै अवरोध गर्ने काम गर्न वा गराउन नहुने,

(घ) मतदान गर्न जाँदा राजनीतिक दल वा उम्मेदवारको निर्वाचन चिह्न, झन्डा वा कुनै सङ्केत अङ्कित कपडा, टिसर्ट, ज्याकेट, गम्छा, टोपी वा क्याप, भेस्ट, लोगो, ब्याच, मास्क, स्टिकर लगाउन वा झोला बोक्न नहुने,

(ङ) मतदान गर्न जाँदा मतदाताको शरीरको कुनै भागमा बनाइएको उम्मेदवारको फोटो, दल वा उम्मेदवारको निर्वाचन चिह्न वा झन्डा अङ्कित टच्याटु प्रदर्शन गर्न नहुने,

(च) कसैको पक्ष वा विपक्षमा एसएमएस, फेसबूक, मेसेन्जर, ट्वीटर, भाइबर, युट्युब, इन्स्टाग्राम जस्ता विद्युतीय माध्यम प्रयोग गरी तथ्यहीन सामग्री प्रकाशन, प्रसारण वा सम्प्रेषण गर्न नहुने ।

**मतदान तथा मतगणना प्रतिनिधिले पालना गर्नुपर्ने आचरण:**

राजनीतिक दल तथा उम्मेदवारको मतदान तथा मतगणना प्रतिनिधिले देहायका आचरण पालना गर्नुपर्नेछ–

(क) राजनीतिक दल वा उम्मेदवारको निर्वाचन चिह्न, झन्डा वा कुनै सङ्केत अङ्कित कपडा, टिसर्ट, ज्याकेट, गम्छा, टोपी वा क्याप, भेस्ट, लोगो, ब्याच, मास्क, स्टिकर लगाउन वा झोला बोक्न नहुने,

(ख) राजनीतिक दल वा उम्मेदवारको पहिचान देखिने एकै किसिमका साङ्केतिक पोशाक, लोगो, ब्याच जस्ता सामग्री लगाउन, बोक्न र देखाउन नहुने,

(ग) मतपत्रलगायतका निर्वाचन सामग्री छुन वा चलाउन वा बिगार्न वा फोटो खिच्न नहुने,

(घ) मतदान स्थल वा मतगणना स्थलमा दल वा उम्मेदवारको पक्ष वा विपक्षमा नाराबाजी वा हुलहुज्जत गर्न नहुने,

(ङ) क्यामरा, मोबाइललगायतका निर्वाचन अधिकृतले अनुमति नदिएका सामग्री मतगणना स्थलमा लैजान नहुने ।

# सर्लाहीको चुरे क्षेत्रका बस्तीमा खानेपानीको समस्या

सर्लाही, २६ वैशाख/रासस

सुक्खा मौसम शुरू भएसँगै जिल्लाको चुरे क्षेत्रका बस्तीमा खानेपानीको समस्या सिर्जना भएको छ । जिल्लाको उत्तरी चुरे क्षेत्रका बस्तीमा सुक्खा मौसम शुरू भएसँगै विगतका वर्षमा झैं यस वर्ष पनि खानेपानीको समस्या शुरू भएको हो ।

उत्तरी चुरे क्षेत्रका धारा, इनार, कुवालगायतका खानेपानीका स्रोत सुक्न थालेपछि सो क्षेत्रका बस्तीमा खानेपानीको अभाव शुरू भएको ईश्वरपुर नगरपालिका–१२ का बासिन्दा रामबाबू थिङले गुनासो गरे । उनका अनुसार धारामा पानी आउन छाडेको धेरै भएको र आफूहरूले खोला तथा बगरका कुवाबाट पानी ल्याउने गरेको भएपनि अहिले ती कुवा पनि सुक्न थालेपछि खानेपानीको समस्या भएको हो ।

ईश्वरपुर–१२ को घारी बथान, गुइडुङ, शिर फुलजोर, शिर कालिञ्जोर तथा लालबन्दी नगरपालिका–१५ का धुसेनी, देउराली, तीनघरे, वडा नं १२, १३ र १४ का अधिकांश बस्तीका साथै हरिवन नगरपालिका–१ को चुरे क्षेत्रका बस्तीमा खानेपानीको समस्या देखिएको छ ।

जिल्लाको कर्णाली भनेर चिनिने यी स्थानका बस्तीमा अरू समयमा पनि सहजै शुद्ध पिउने पानी पाउन समस्या हुने गरेको भएपनि सुक्खा मौसम शुरू भएपछि खानेपानीको थप समस्या देखिएको ईश्वरपुर–१२ की जानकी माया विकले बताइन् । जिल्लाको चुरे क्षेत्रका बस्ती र चुरे डाँडा छेउछाउका बस्तीमा फागुन महीनाबाटै खानेपानीको समस्या शुरू हुने गर्दछ । स्थानीय सरकारलाई यो विषयमा जानकारी भएपनि समस्या समाधान गर्न स्थानीय सरकार लागि नपरेको ईश्वरपुर–१२ का जीवन तामाङले बताए ।

यस वर्ष हिउँदमा पर्याप्त पानी नपर्नाले, बढ्दो वनविनाश र उत्खननले गर्दा पछिल्ला वर्षमा खानेपानीका स्रोत चाँडो सुक्न थालेको प्राविधिकले बताएका छन् । हिउँदका केही महीना जिल्लाको उत्तरी चुरे क्षेत्रका अरू बस्ती भालुखोप, केराबारी, वनमारा, बेलडाँडा, कालीञ्जोर, परवानीपुर, नारायणखोला, अत्रौली, ढुङ्गेखोलालगायतका क्षेत्रमा खानेपानीको समस्या हुने गरेको भएपनि त्यो समस्या समाधान गर्न स्थानीय सरकार नलाग्दा सो क्षेत्रका सयौं बस्तीमा खानेपानीको समस्या दिन प्रतिदिन बढ्दो अवस्थामा रहेको स्थानीय युवा तेज तामाङले बताए ।

उनका अनुसार एक गाग्री खानेपानी जोहो गर्न अहिले चुरेका स्थानीय बासिन्दा घण्टौं धाएर छिमेकी गाउँसम्म पुग्न बाध्य भएका छन् । "गाउँका सयौं घरधुरीका लागि अहिले खानेपानीको जोहो गर्न निकै समस्या हुने गरेको छ । गाउँमा एउटा मात्रै कुवा छ, त्यही कुवामा पनि हिजोआज रातभर जम्मा भएको पानीले दुई/चार घरलाई समेत पुग्दैन," लालबन्दी–१४ नारायणखोलाका जीतबहादुर रानाले भने ।

फागुन, चैत, वैशाख र जेठमा चुरे क्षेत्रका बस्तीमा खानेपानीको जोहो गर्न निकै अप्ठ्यारो हुने गरेको लालबन्दी–१२ भालुखोपका वीरबहादुर रानाले गुनासो गरे । खानेपानीको अभाव टार्न दुई वर्षअघि वाग्मती, हरिवन र लालबन्दी नगरपालिकाले लिफ्ट प्रविधिबाट चुरेका केही बस्तीमा खानेपानी पुऱ्याए पनि केही स्थानबाहेक अधिकांश बस्तीमा त्यो प्रविधि प्रभावकारी नभएको स्थानीयवासीको भनाइ छ ।



**कागबेनी:** मुस्ताङ जिल्लाको बारागंज मुक्ति क्षेत्र गाउँपालिकाको अतिप्रसिद्ध र पितृपूजाको लागि प्रख्यात कागबेनी गाउँ । कालीगण्डकी नदीको छेउमा अवस्थित यस ठाउँमा नेपालभरिका हिन्दू धर्मावलम्बीहरू पितृपूजाको लागि आउने र मृतात्माको शान्तिको लागि पूजा गर्ने नदी हो । तराई भूभागबाट २८०४ मिटर माथि रहेको यस क्षेत्रको जनसङ्ख्या ५५५ मात्र छ । यो क्षेत्र ५८.३ किलोमिटर वर्गमा फैलिएको छ । तस्वीर: पङ्कज श्रेष्ठ

## फरक समाचार

# आँपको मञ्जरी औषधिसमान

आँप खाने मौसम शुरू भइसकेको छ । पाकेको होस् वा काँचो आँप, यसको आँटी, पात, बोक्रा सबै स्वास्थ्यको लागि गुणकारी हुन्छ तर धेरैजनालाई थाहा छैन आँपको फूल (मुजुरा/मञ्जरी) ले पनि थुप्रै रोग निको गर्न मदत पुऱ्याउँछ । आँपको मञ्जरीलाई पनि औषधिसरह प्रयोग गर्न सकिन्छ ।



**पेचिश:** एफ्रोलेट डट कममा प्रकाशित एउटा रिपोर्ट अनुसार पुरानो पेचिश (क्रोनिक पेचिश वा आउ)को समस्यालाई तुरुन्त ठीक गर्नुपर्छ नत्र थुप्रै जटिलता हुन सक्छ । पेचिश शरीरको लागि निकै हानिकारक हुन्छ । यसलाई ठीक गर्न आँपको फूललाई औषधिको रूपमा प्रयोग गरिन्छ । आँपको फूलबाट तयार सुप वा काँढा पिउँदा पेचिशमा आराम पुग्छ । यी फूललाई सुकाएर यसको धूलो बनाएर पानीसँग सेवन गर्नुपर्छ ।

**नाकबाट रगत आएमा:** गर्मीमा धेरैजनाको नाकबाट रगत निस्किन्छ । बढी मसालादार भोजन गरेपछि गर्मीमा नाकबाट रगत आउन थाल्छ । आँपको फूलमा यस्तो गुण हुन्छ, जसले नाकबाट रगत आउने समस्या ठीक गर्छ । आँपको फूललाई सुँघ्दा नाकबाट रगत आउन बन्द हुन्छ । यद्यपि धेरै रगत आएमा तुरुन्त चिकित्सककहाँ पुग्नुपर्छ ।

**मूत्र समस्या:** कैयौंपटक पिसाबमा जलन, पिसाब कम हुनु वा बढी हुनु, मूत्रमा सङ्क्रमणको समस्या छ भने आँपको मुजुराले यसको उपचार गर्न सक्छ । यस मुजुराको काढा बनाएर पिउनुपर्छ । यस जडीबुटीलाई नियमितरूपले सेवन गर्दा मूत्रसम्बन्धी समस्या निको हुन्छ ।

**महिलाहरूको सेतो पानी खस्ने समस्या:** यस्तो समस्या केही महिलाहरूमा बढी हुन सक्छ । यो समस्या थुप्रै कारणले हुन सक्छ । हाइजिन फैक्टर र मुख्य अङ्गमा ब्याक्टेरियाको उपस्थितिले यस्तो समस्या हुन सक्छ । तसर्थ आँपको मुजुरा नियमितरूपले सेवन गर्दा यो समस्याबाट मुक्त हुन सकिन्छ ।

**डायरिया, एक्जिमाको उपचार:** आँपको मञ्जरीले डायरिया, एक्जिमा र रक्तसम्बन्धी रोगबाट मुक्त गर्न सहयोग पुऱ्याउँछ । आँपको मञ्जरीको काढा वा चियासरह बनाएर यसको सेवन गर्नुपर्छ ।

**मधुमेह:** मधुमेहबाट ग्रसितहरूले आफ्नो चिनी नियन्त्रण गर्न आँपको मञ्जरी सेवन गर्न सक्छन् । शोध अनुसार आँपको फूलमा एन्टिडायबेटिक तत्त्व हुन्छ । यी फूललाई पानीमा उमालेर सेवन गर्नुपर्छ ।

**उच्च कोलेस्ट्रोललाई कम गर्छ:** यदि तपाईंको कोलेस्ट्रोल बढी रहन्छ भने आँपको फूल सेवन गर्नुपर्छ । कोलेस्ट्रोलको उच्च स्तर भएपछि हृदयरोग बढ्ने खतरा हुन्छ । आँपको फूलबाट तयार पेय पिउँदा वा भोजनमा यसलाई समावेश गर्दा कोलेस्ट्रोलको स्तर कम हुन्छ ।

**पेटसम्बन्धी समस्या:** गर्मीमा पेटसम्बन्धी समस्या बढी हुन्छ । चिल्लो–पिरो खाँदा पेट बिग्रिन्छ । डायरिया, पेट दुख्नु, विषाक्त भोजन, थकान, हिट स्ट्रोक, लु लाग्ने, डिहाइड्रेशन हुन्छ । आँपको मञ्जरीबाट बनेको जूस गर्मीमा सेवन गर्दा पाचन प्रक्रिया दुरुस्त रहन्छ । राति पानीमा आँपको फूललाई राख्ने र बिहान यसलाई छानेर फ्रिजमा राखेर सेवन गर्नुपर्छ ।

# के हो मोरिता थेरापी ?

मानसिक रोगले अहिले संसारमा धेरैजनालाई सताइरहेको छ । यसको असर शारीरिक स्वास्थ्यमाथि पनि परिरहेको छ । यस्तै समस्याबाट मुक्त हुन जापानमा प्रचलित मोरिता थेरापी निकै सफल भइरहेको छ ।

आजको युगमा मानसिक तनाव, एन्जाइटी, डिप्रेशन जस्ता मानसिक समस्याबाट संसारका अधिकांश मानिस पीडित छन् । सही उपचार नहुँदा यसले थुप्रै शारीरिक रोग उत्पन्न गरिरहेको छ र आत्महत्या पनि बढाइरहेको छ ।



जापानका साइकोथेरेपिस्ट, बौद्ध चिन्तक र विचारक शोमा मोरिता (सन् १८७४–१९३८) मा सम्पूर्ण मानसिक समस्या जस्तै अब्सेसिभ कम्पल्सिभ डिसअर्डर, पोस्ट ट्रामेटिक स्ट्रेस, न्युरोसिस, डिप्रेशन र टेन्सन आदिको उपचारको लागि उनले नयाँ थेरापी आविष्कार गरिन् । जुन निकै प्रभावकारी साबित भयो । यस थेरापीको माध्यमबाट हामी आफ्नो दिमागलाई शान्त र सन्तुलित राख्न सक्छौं । यसको लागि यसको मूल सिद्धान्तलाई बुझ्नुपर्छ ।

**आफ्नो अनुभूतिलाई स्वीकारौं:** जब हामी आफ्नो अब्सेसिभ विचारलाई नियन्त्रण गर्न वा त्यसबाट छुटकारा पाउने कोशिश गर्छौं, तब त्यसमा हामी अल्झिन्छौं । यसैले त्यसलाई स्वीकार गर्नुपर्छ । र हामीले त्यसलाई अब्जर्भ (अवलोकन) गर्नुपर्छ ।

**त्यही गरौं, जे चाहन्छौं:** आफ्नो अनुभव, गतिविधि, क्रियाकलापबाट सिक्नुपर्छ । यस थेरापीमा तपाईं आफ्नो अनुभवबाट सही, गलत छुट्याउन सल्लाह दिइन्छ ।

**जीवनको उद्देश्य बुझौं:** हामी आफ्नो भावनालाई भलै नियन्त्रण गर्न सक्दैनौं तर आफ्नो क्रियाकलापलाई आफ्नो वशमा राख्न सक्छौं, यसैले हामी प्रतिदिन आफ्नो लक्ष्य र उद्देश्य पत्ता लगाउनुपर्छ । जब हामी यसको पूर्तिको लागि सक्रिय रहन्छौं, तब सहजै व्यस्त र सामान्य रहन सक्छौं ।

**थेरापीका चार चरण:** मोरिता थेरापीमा रोगीको उपचार १५ देखि २१ दिनसम्म हुन्छ, जुन चार चरणमा हुन्छन् ।

**एकान्तवास र विश्राम:** यसमा रोगीलाई एउटा कोठामा विना कुनै बाहिरी हस्तक्षेप बस्नुपर्छ । यहाँसम्म कि टिभी, पुस्तक, मित्र, आफन्त, परिवारका सदस्यसँग कुराकानी गर्न पनि अनुमति हुँदैन । मात्र रोगी र उसको विचार । केवल थेरापिस्टले मात्र ऊसँग भेट्न सक्छ ।

**लाइट अक्युपेशनल थेरापी:** यसमा रोगी मौन रहेर काम गर्छ र आफ्नो विचार, अनुभूतिलाई एउटा डायरीमा लेख्छ । ऊ प्रकृतिको काखमा विचरण गर्छ र ब्रिदिङ (सास फेर्ने कसरत) एक्सरसाइज गर्छ । रचनात्मक र प्रतिक्रियात्मक गतिविधिहरूमा संलग्न हुन्छ तर थेरापिस्टबाहेक अन्य कसैसँग कुराकानी गर्न पाउँदैन ।

**अक्युपेशनल थेरापी:** यस चरणमा रोगीलाई मेहनत हुने काम गराइन्छ । साथै लेखन, पेन्टिङ र अन्य काम पनि गराइन्छ । यस चरणमा रोगी अन्यसँग कुराकानी गर्न सक्छन् तर केवल त्यस कामको बारेमा, जुन उसले वर्तमानमा गरिरहेको छ ।

**वास्तविक जीवनमा फर्किने:** यस चरणमा रोगी पुनः आफ्नो साधारण सामाजिक जीवनमा फर्किन्छ । तर ऊ मेडिटेशन र अक्युपेशनल थेरापीमा संलग्न रहनुपर्छ । – प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## फिलिपिन्समा नयाँ राष्ट्रपति चयनका लागि मतदान

मनिला, २६ वैशाख/सिन्ह्वा

नयाँ राष्ट्रपति चयनका लागि फिलिपिन्समा सोमवार दिनभरि देशभरि मतदान भइरहेको छ। निर्वाचनबाट नयाँ राष्ट्रपतिसँगै देशभरका लागि झन्डै १८ हजार विभिन्न सरकारी पदाधिकारीहरू चयन हुनेछन्।


तस्वीरः एपी

त्यस अन्तर्गत एक उपराष्ट्रपति, १२ जना सिनेटर, ३०० भन्दा बढी संसद्का प्रतिनिधि र १७ सयभन्दा बढी अन्य स्थानीय प्रतिनिधिहरू रहेका छन् । मतदानका लागि देशभरि ३७ हजार २११ मतदान केन्द्र तय गरिएको निर्वाचन आयोगले जनाएको छ।


स्थानीय समय अनुसार बिहान ६ बजे शुरू भएको मतदान बेलुका ७ बजेसम्म चल्ने आयोगका अधिकारीहरूले जनाएका छन् । राष्ट्रपतिका उम्मेदवारहरूमध्ये पूर्वराष्ट्रपति फर्डिनान्ड मार्कोसका छोरा पूर्वसिनेटरसमेत रहेका ६४ वर्षका फर्डिनान्ड मार्कोस जुनियर सबैभन्दा अगाडि रहने दाबी गरिएको छ।

उनको प्रमुख प्रतिस्पर्धीको रूपमा भने वर्तमान उपराष्ट्रपति ५७ वर्षीया मारिया लओनोर रोबेंडोलाई हेरिएको छ । फिलिपिन्सको राष्ट्रपति बन्नका लागि उनीहरूबाहेक अरू आठजनाले पनि उम्मेदवारी दिएको निर्वाचन आयोगले जनाएको छ।

आयोगका कार्यवाहक प्रवक्ता जोन रेक्स लौडियाङकोले देशभरिका सबै मतदान केन्द्र आयोगको निगरानी र नियन्त्रणमैं रहेको जानकारी दिए।

सबै ठाउँमा पर्याप्त सुरक्षा व्यवस्था गरिएको र अहिलेसम्म कुनै अप्रिय घटना भएको विवरण पनि प्राप्त नभएको उनको भनाइ छ । निर्वाचनका लागि ४५ हजार सैनिक, ६० हजार प्रहरी परिचालन गरिएका छन् भने १२ हजार प्रहरीलाई तयारी अवस्थामा राखिएको छ । कोरोना भाइरसको महामारीका कारण थलिएको आर्थिक अवस्था सुधार्ने, गरीबी न्यूनीकरण गर्ने, रोजगार बढाउनेलगायतका विषय नै अहिलेका प्रमुख एजेन्डा बनेका छन्। रासस

## जापान र ताइवानमा भूकम्प


ताइपेई शहर। तस्वीरः गेटी इमेज

टोकियो, २६ वैशाख/एएनआई

जापानमा भूकम्प गएको छ। देशको योङगाउँनीमा सोमवार ६.१ म्यागिनच्युडको भूकम्प गएको अधिकारीहरूले जनाएका छन्। युरोपेली मेडिटेरानेन सिस्मोलोजिकल सेन्टर (इएमएससी)ले स्थानीय समय अनुसार बिहान ११.५३ बजे भूकम्प गएको हो।

भूकम्पका कारण भएको कुनै क्षतिको विवरण भने प्राप्त भइनसकेको सरकारी अधिकारीहरूले जनाएका छन्। अहिले विवरण सङ्कलनको काम भइरहेकाले थप विवरण पछि सार्वजनिक गरिने उनीहरूको भनाइ छ।

जापानमा बेलाबेलामा यस्तै भूकम्प गइरहने गरेको छ।

**ताइवानको तटीय क्षेत्रमा ६.३ म्याग्निच्युडको भूकम्प**

ताइपेई/एएफपी

ताइवानको तटीय क्षेत्रमा सोमवार दिउँसो ६.३ म्याग्निच्युडको भूकम्प गएको अमेरिकी भौर्गभिक सर्वेक्षण संस्थाले जानकारी दिएको छ।

राजधानी ताइपेईका भवनहरू र टापुभरि कम्पन महसूस गरिएको स्थानीय अधिकारीहरूले जानकारी दिएका छन्। यद्यपि क्षतिको तत्काल कुनै समाचार प्राप्त नभएको जनाइएको छ।

ताइवान र वरपरका क्षेत्रहरूमा नियमितरूपमा भूकम्पको चपेटामा पर्ने गरेको पाइन्छ। रासस

## बेइजिङमा शून्य-कोभिड नीति

बेइजिङ, २६ वैशाख/एएफपी

चीनको राजधानी बेइजिङमा कोभिड-१९ को प्रकोपलाई रोक्ने प्रयासको क्रममा सोमवार लाखौं मानिस घरमैं बसेका छन्।

बेइजिङका बासिन्दाहरू चाँडै नै उही कठोर उपायहरूको चपेटामा पर्न सक्ने त्रासमा रहेको बताइएको छ। हाल संघाई शहरमा दुई करोड ५० लाख व्यक्ति धेरै हप्तासम्म घरमा नै फसेका छन् । अझै पनि संघाई शहरमा तालाबन्दी तीव्र भएको छ।

पूर्वी पावरहाउस शहरमा महामारी शुरू भएदेखि नै चीनको सबैभन्दा खराब प्रकोपविरुद्ध आफ्नो लडाइँ जितेको त्यहाँका अधिकारीहरूले बताएका छन्। बेइजिङमा हालैका हप्ताहरूमा कोरोना सङ्क्रमणका सयौं व्यक्ति भेटिएका छन्। सोमवार बेइजिङमा ४५ जना नयाँ कोभिड-१९ सङ्क्रमण पुष्टि भएका छन्। यो अपेक्षाकृत सानो सङ्ख्या हो । तर प्रतिबन्धहरू हलचल गर्न पर्याप्त भएको बताइन्छ।

चीनमा ओमिक्रोन भेरियन्टको वृद्धि भएको असर संघाई शहरमा अत्यधिकरूपमा परेको जनाइएको छ । यस शहरमा कोरोना सङ्क्रमणको कारण ५०० भन्दा बढी मानिसको मृत्यु भएको आधिकारिक तथ्याङ्कले जानकारी दिएको छ।

**मलेशियामा कोरोनाबाट दुई हजारभन्दा बढी सङ्क्रमित**

क्वालालम्पुर/सिन्ह्वा

मलेशियामा गएको २४ घण्टामा दुई हजारजनाभन्दा बढी कोरोना भाइरसका सङ्क्रमित भेटिएका छन् । अधिकारीहरूका अनुसार यहाँ गएको २४ घण्टामा दुई हजार १५३ जना कोरोना सङ्क्रमित भेटिएका छन् । त्यसैगरी, गएको २४ घण्टायता मात्र यहाँका सङ्क्रमितहरूमध्ये चारजनाको ज्यान गएको पनि अधिकारीहरूले जनाएका छन्।

यहाँ अहिलेसम्म ३५ हजार ५८३ जनाको कोरोना भाइरसको सङ्क्रमणबाट निधन भएको बताइएको छ । त्यसैगरी, यहाँ अहिलेसम्म ४४ लाखभन्दा बढी सङ्क्रमित भएका पनि पाइएको छ । यहाँ अहिले पनि २६ हजारजनाभन्दा बढी सक्रिय सङ्क्रमितहरू रहेका बताइएको छ। तीमध्ये थोरै मात्र सङ्क्रमितहरूमा यो भाइरसको असर देखिएको मलेशियाको स्वास्थ्य मन्त्रालयले जनाएको छ। रासस

## क्यानडाका प्रधानमन्त्री युक्रेनमा, राष्ट्रपति जेलेन्स्कीसँग भेटवार्ता

किभ, २६ वैशाख/सिन्ह्वा

क्यानडाली प्रधानमन्त्री जस्टिन ट्रुडु युक्रेन पुगेका छन्। उनी आइतवार युक्रेन पुगेको समाचारमा जनाइएको छ । प्रधानमन्त्री ट्रुडुले आइतवार नै युक्रेनका राष्ट्रपति भोलोडोमिर जेलेन्स्कीसँग भेटवार्ता पनि गरेको बताइएको छ।

उनीहरूका बीचमा युक्रेनको पछिल्लो अवस्थाका बारेमा कुराकानी भएको थियो। त्यस अवसरमा क्यानडाले युक्रेनलाई गर्ने सहायताका बारेमा कुराकानी भएको थियो। त्यस क्रममा युक्रेनका राष्ट्रपति जेलेन्स्कीले रूसका विरुद्धमा थप नाकाबन्दीका लागि आग्रह गरेका थिए।

साथै राष्ट्रपति जेलेन्स्कीले क्यानडासँग युक्रेनका लागि थप सैन्य तथा अन्य मानवीय सहायता सामग्रीहरूको माग गरेका थिए। त्यस अवसरमा क्यानडाली प्रधानमन्त्रीले युक्रेनका लागि थप सैन्य सहयोग र अन्य आर्थिक सहायतासम्बन्धी प्याकेजको पनि घोषणा गरेको समाचारमा जनाइएको छ। रासस



दाइजोप्रथा गैरकानूनी हो,
यसको अन्त्य गरौं।

वीरगंज महानगरपालिका कार्यालय


## अहिलेको चुनाव लेदही/देदही -चन्द्रकिशोर

प्रस, परवानीपुर, २७ वैशाख/

वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनको राजनीतिक विश्लेषकहरूले फरक किसिमले विश्लेषण गरेका छन्। वीरगंज र पर्सा जिल्लाको चुनावबारे राजनीतिक विश्लेषक चन्द्रकिशोरले खासगरी दुईटा समूहबाट लडिरहेका उम्मेदवारहरूको लागि चुनाव लेदही र देदहीको रूपमा विश्लेषण गरेका छन्।




उनले काङ्ग्रेस अहिले देदहीको अवस्थामा छ भने एमाले लेदहीको रूपमा चुनावी रणनीति अनुसार बढेको बताए। "नेपालकै एउटा प्रमुख दल नेका हो तर अहिलेको अवस्था पाँच दलीय गठबन्धनको छ।

त्यस कारण नेकाले कतिपय ठाउँमा आफ्नो दलको उम्मेदवारलाई पाखा लगाएर गठबन्धनका अन्य दलहरूलाई टिकट दिएको छ," उनले भने, "त्यस कारण नेका अहिले दही बाँडेर गठबन्धनको उम्मेदवारलाई विजयी बनाउने दिशातर्फ लागेको छ।"

त्यसैगरी, उनका अनुसार नेकपा एमाले, लोसपा र राप्रपा नेपाललगायत अन्य दलको सहकार्यमा जिल्लाभरि नै प्रभावकारी किसिमले चुनावी रणनीति बनाइएको छ। जसमा देदही भनेर एमाले चुनावमा भाग लिइरहेको छ । अर्थात् एमालेका पुराना नेता, कार्यकर्ताको मत साथसाथै एमालेले अन्य साना दलहरूसँग पनि सहकार्य गरेर दही लिने अर्थात् मत लिने योजनामा छ।

उनका अनुसार अहिलेको चुनावमा जातीय समीकरण, पैसा, निर्वाचित उम्मेदवारको प्रभावलगायत तत्त्वहरूले असर पार्ने सम्भावना छ । विगतको चुनावमा मधेस आन्दोलनको आधार थियो, सबैजनाले मधेसवादी दलको सेन्टिमेन्टमा मत हाले तर यसपालिको चुनाव फरक छ । मुख्यगरी ठाउँ-ठाउँ अनुसार तीन/चार पार्टीबीच प्रतिस्पर्धा हुने अनुमान छ । खासगरी महानगर र उपमहानगरमा गठबन्धन र नेकपा एमालेबीच लडाइँ देखिएको छ । गठबन्धनमा नेकाको मतले गठबन्धनको नतीजालाई पूर्णता दिने भएकोले स्थानीय चुनावमा नेकाको मतको विश्वास अन्य दलले पाएनन् भने आगामी प्रदेशसभा र प्रतिनिधिसभामा पनि यसको असर देखिने उनको विश्लेषण छ।

उनले पर्सा जिल्ला सँगसँगै अन्य जिल्लाहरूमा पनि योग्य, सक्षम र राजनीति बुझेका उम्मेदवारको अभाव खडकिएको चित्रण गरे । साथै उनले अहिलेको मिडिया मौन रहेको पनि विश्लेषण गरे । मिडियाले कस्तो नगरप्रमुख हुनुपर्ने, को चुनावमा उठ्नेलगायत विषयवस्तुमा कम केन्द्रित रहेको र प्रायोजित समाचार, सामग्री पस्किनेतर्फ केन्द्रित रहेको आरोप लगाए।

अहिले खोलिएका दर्जनौं चुनाव केन्द्रित अनलाइनले आफ्नो पक्षीय उम्मेदवारको चुनावी समाचारलाई मात्र स्थान दिइरहेका छन् । तर कुनै उम्मेदवारको विगतका कमीकमजोरी र जनताले कसलाई मत दिंदा उचित हुन्छ भन्ने खोज सामग्रीमा कमी भएको बताए । साथै उनले सामाजिक सञ्जालमा डलर खर्च गरेर उम्मेदवारहरूको भइरहेको प्रचारको पनि निन्दा गरे।

## बहुदरमाईबाट एमालेका प्रत्याशी पटेलद्वारा प्रतिबद्धतापत्र सार्वजनिक

प्रस, वीरगंज, २७ वैशाख/

नेकपा एमाले, पर्साको बहुदरमाई नगरपालिकाबाट प्रमुखका उम्मेदवार शिव पटेलले सोमवार प्रतिबद्धतापत्र सार्वजनिक गरेका छन्।


एमालेबाट बहुदरमाई नपाको प्रमुख पदका उम्मेदवार शिव पटेल। तस्वीरः प्रतीक

उनले पालिकाको विकासको लागि आफू जितेपछि गर्ने कामहरूबारे सो प्रतिबद्धतापत्रमा उल्लेख गरेका छन् । नेपाल पत्रकार महासङ्घ, पर्साको सभाकक्षमा आज प्रतिबद्धतापत्र सार्वजनिक गर्दै उनले बहुदरमाई नगरपालिकामा चुनावको क्रममा केही उम्मेदवारहरूले आर्थिक प्रलोभन देखाएरमतदातालाई आकर्षित गरिरहेकामा त्यसतर्फ प्रशासन मौन रहेको आरोप लगाए।

उनले पछिल्लो तीन दिनमा अबेर राति ११ बजे वडा नं २ को सिसियाडी र वडा नं ११ को भङ्गी साह माविनजीकको मदिरापसलमा आर्थिक प्रलोभन देखाइ मतदाता प्रभावित गर्दा स्थानीयले प्रतिकार गरेको र एक ठाउँमा चार घण्टा तनाव भएको र अर्को ठाउँमा कुटाकुट भएर केही व्यक्ति घाइतेसमेत भएको घटना हुँदा पनि प्रशासन मौन रहेको आरोप लगाए।

उनले अहिलेको अवस्थामा यसरी आर्थिक प्रलोभनबाट मतदाता प्रभावित गर्ने काम गरेका उम्मेदवारहरू मौन अवधिमा झनै चर्को तरीकाबाट प्रस्तुत हुने हुँदा प्रशासन र निर्वाचन कार्यालयले यस विषयमा ध्यान दिनुपर्ने बताए । उनले एमाले मतदाता रिझाएर शान्तिपूर्णरूपमा मतदान सम्पन्न गर्ने कार्यमा अग्रसर भएको तर पैसाको दम्भमा चुनाव जित्ने मनसाय राखेकाहरूले आफ्नो गतिविधिलाई सोही अनुरूप ढाल्दै गएकामा चिन्ता व्यक्त गरे। कार्यक्रममा एमालेका केन्द्रीय सदस्य राजकुमार गुप्ताले पर्सा जिल्लाका चौधवटा पालिकामध्ये दशवटा पालिकामा एमाले विजयी हुने दाबी गरे। उनले वीरगंज महानगरमा पनि एमालेको

### आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | सुसमाचार | वृष | उदरपीडा |
| मिथुन | विजय | कर्कट | धनलाभ |
| सिंह | भाग्योदय | कन्या | बेचैनी |
| तुला | धनलाभ | वृश्चिक | कर्मप्राप्ति |
| धनु | राज्यलाभ | मकर | कष्टानुभूति |
| कुम्भ | यात्रालाभ | मीन | कडापरिश्रम |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

## तीव्र गतिमा सवारीसाधन चलाउनेमाथि कारबाई

प्रस, वीरगंज, २७ वैशाख/

मधेस प्रदेश ट्राफिक प्रहरी कार्यालय, पथलैयाले सिसिटिभी र राडार गनबाट २०७८ फागुनदेखि २०७९ वैशाख २५ गतेसम्म तीव्र गतिमा सवारीसाधन चलाउने एक हजार ६२९ वटा सवारीसाधनलाई कारबाई गरेर १० लाख दुई हजार पाँच सय रुपैयाँ राजस्व सङ्कलन गरेको छ।

सवारी दुर्घटना न्यूनीकरण अभियान अन्तर्गत तीव्र गतिमा सवारीसाधन चलाउने बस, मिनीबस, सुमो ३२१, कार-जीप एक हजार २३९, मोटरसाइकल ६०, मालवाहक ट्रक, टिपर, ट्याक्टर ९ वटा गरी एक हजार ६२९ वटा सवारीसाधनलाई कारबाई गरेको र सोबाट १० लाख दुई हजार पाँच सय राजस्व सङ्कलन भएको जनाइएको छ।


रानीघाट-पोखरिया बस समिति

भिस्वा- बिहान ७:४० बजे
भिस्वा- बिहान १०:०० बजे
भिस्वा- मध्याह्न १२:०० बजे
भिस्वा- दिउँसो १:३० बजे
दसौता- दिउँसो २:३० बजे
सेढवा- दिउँसो ३ बजे
देउरिया- दिउँसो ३:१५ बजे
भिस्वा- दिउँसो: ३:४० बजे

प्राइम लाइफ
प्रधान कार्यालय हात्तीसार, काठमाडौं, नेपाल
फोन नं. ४४४१४१४, ४४४१७७८, ४४४१६६४, पो.ब.नं. २५९७९

हकदाबीसम्बन्धी सूचना

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमित बीमालेख हराएको/नासीएकोले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाणपत्रसहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। सो अवधि भित्र दाबी दर्ता नभएमा निवेदकहरूको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ। **तपसिल**

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १ | १५१००००६२६ | ओमप्रकाश सिंह राजपुत | वीरगंज-१८, पर्सा |

जि.प्र.का. पर्सा द.नं. १२/२०५३/०५४ प्रतीक जि. हु. का. पर्सा द. नं. १८२/२०७८/७९

# डर, धाक-धम्कीमा नपरी गठबन्धनका उम्मेदवारलाई जिताऔं -श्रीवास्तव

प्रस, वीरगंज, २७ वैशाख/

वीरगंज महानगरको एमालेबाट नगरप्रमुख पदका उम्मेदवार विजयकुमार


तस्वीर: सौजन्य

सरावगी र लोसपाका उम्मेदवार पुरुषोत्तमलाल झालाई विजयी गराउन गठबन्धनमा रहेका एमाले र लोसपाका नेताहरूले चुनाव प्रचार अभियानलाई तीव्रता दिएका छन् ।

घरदैंलो, मोटरसाइकल र्‍याली, जनसभा गर्दै आएको गठबन्धनबाट लोसपाका नेता सांसद विमलप्रसाद श्रीवास्तवले संयुक्त गठबन्धनका उम्मेदवार सरावगी र झालाई विजयी गराउन आग्रह गरे । उनले अब कसैले पनि धम्कीको भाषा प्रयोग गरी विकासको बाटो रोक्न नसक्ने र नेतृत्व प्रदान गर्न आवश्यक भएको बताए । कानूनी शासन अनुसार महानगर सञ्चालन गर्ने एमाले र लोसपाका उम्मेदवारलाई विजयी गराउन आग्रह गरे । पूर्व नगरप्रमुख एवं राप्रपा नेपालका नेता प्रदीप सुवेदीले विकासको अनुभूति गर्न एमाले र लोसपाका उम्मेदवारलाई जिताउन दाबी गरे ।

नगरप्रमुख पदका उम्मेदवार विजयकुमार सरावगी र उपप्रमुख पदका उम्मेदवार पुरुषोत्तमलाल झाले कसैको डर, धाक-धम्कीको प्रभावमा नपरी मतदान गर्न आग्रह गरे ।

कार्यक्रममा लोसपाका नेता शशिकपुर मियाँ, एमालेका नेता बसरुद्दीन अन्सारीलगायतले मन्तव्य व्यक्त गरेका थिए । एमाले-लोसपाको गठबन्धनले महानगरको सुगौली, छपकैया, परवानीपुर, नगवालगायतका स्थानमा कार्यक्रम गरेको थियो ।

# उम्मेदवारहरू पैसाको जोहोमा

प्रस, परवानीपुर, २७ वैशाख/

वैशाख ३० गते हुने स्थानीय तहको


तस्वीर: सौजन्य

निर्वाचन नजीकिंदै जाँदा विभिन्न राजनीतिक दलहरूले खर्चको दायरा बढाउँदैछन् ।

शहरदेखि ग्रामीण भेगका सम्पूर्ण उम्मेदवारले पोस्टर, पम्पलेटिङ, घरदैंलो, ब्यानर, चुनावी गीत, भोजभतेरलगायत क्रियाकलापमा उम्मेदवारी हुनुभन्दा एक साताअगाडिदेखि सुस्त गतिमा गर्दै आएका थिए भने अहिले सबै उम्मेदवारहरू मनपरी खर्च गर्न थालेका छन् ।

त्यस कारण उम्मेदवारहरूले पैसाको जोहो गर्ने काममा पनि तीव्रता दिएका छन् । बाराको एउटा गाउँपालिकाका अध्यक्षका प्रत्याशीका अनुसार अहिलेसम्म उनको रु १० लाख खर्च भइसकेको र अझै १० लाख खर्च गर्ने योजना रहेको बताए । उनले भने, अहिले एकदमै तनावमा छु, पैसाको जोहो गर्दैछु । पैसाविना चुनाव जित्न मुश्किल छ ।

वडासदस्यका उम्मेदवारले न्यूनतम खर्च गरिरहेका छन्, गापाको वडाध्यक्षले कम्तीमा १० लाख खर्चको लक्ष्य राखेका छन् । त्यसैगरी, नगरपालिकाका वडाध्यक्षका उम्मेदवारले १५ लाखभन्दा बढी खर्च गर्ने तयारीमा छन् भने महानगरका वडाध्यक्ष उम्मेदवारले २० लाखभन्दा बढी खर्च हुने अनुमान गरेका छन् ।

त्यसैगरी, गापाको अध्यक्ष/उपाध्यक्षले न्यूनतम २५ लाख, नगरपालिकाको प्रमुख/उपप्रमुखले ५० लाख र महानगरका प्रमुख/उपप्रमुखले करोडौं खर्च गर्ने हिसाबले रकमको जोहो गर्दैछन् ।

यसरी चुनावमा होमिंदै जाँदा उम्मेदवारहरूले जग्गा धितो राखेर बैंकबाट ऋण लिएर पैसाको जोहो गरिसकेका छन् भने कतिपय उम्मेदवारले सहकारी, बैंक तथा वित्तीय संस्थाबाट ऋण लिएका छन् । त्यसैगरी, आफन्तजनबाट पनि सहयोग लिंदैछन् भने कतिपयले जग्गा बेचेर रकमको जोहो गरिरहेका छन् ।

## आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारी आएन | | |




## सवारी दुर्घटनाबाट बचौं र बचाऔं ।

- मादक पदार्थ सेवन गरी सवारीसाधन नचलाऔं,
- आफूले यात्रा गरिरहेको सवारी साधनको चालकले मादक पदार्थ सेवन गरेमा वा गरेको शङ्का लागेमा तत्काल प्रहरीलाई खबर गरौं,
- क्षमताभन्दा बढी यात्रु र सामान नराखौं ।
- अनियन्त्रित र तीव्र गतिमा सवारी साधन नचलाऔं ।
- समय-समयमा सवारी साधनको मर्मत संभार गर्ने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# खेलकूदको संसार

## एक दिवसीय क्रिकेट सिरिज नेपाललाई

काठमाडौं, २६ वैशाख/रासस

जिम्बावे 'ए'विरुद्धको एक दिवसीय क्रिकेट सिरिज नेपालले जितेको छ । नेपालले उक्त सिरिज २-१ ले जितेको हो ।

कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा सोमवार भएको अन्तिम खेलमा नेपालले जिम्बावे 'ए' टोलीलाई छ विकेटले पराजित गर्दै सिरिज जितेको हो । तीन खेलको एक दिवसीय सिरिज अन्तर्गत पहिलो खेलमा जिम्बावे 'ए' तीन विकेटले विजयी भएको थियो । दोस्रो खेलमा नेपालले ९ विकेटले जीत हासिल गरेको थियो ।

आजको खेलमा नेपालले टस जितेर पहिला फिल्डिङ रोजेको थियो । जिम्बावेले ब्याटिङ गर्दै सबै विकेट गुमाएर नेपाललाई २१४ रनको लक्ष्य दिएको थियो । नेपालले ३० दशमलव १ ओभरमा चार विकेट गुमाउँदै उक्त लक्ष्य पूरा गर्‍यो । नेपालको जीतमा कुशल भुर्तेलले सर्वाधिक ८४ रनको योगदान दिए । त्यस्तै, दीपेन्द्रसिंह ऐरीले अविजित ६०, आशिफ शेखले २९ तथा विनोद भण्डारीले २८ रन बनाए ।

बलिङतर्फ जिम्बावेका ब्रान्डन माभुताले तीन र ब्राड इभान्सले एक विकेट लिए । त्यसअघि टस हारेर ब्याटिङ गरेको जिम्बावेले ३२ दशमलव १ ओभरमा सबै विकेट गुमाउँदै २१३ रन बनाएको थियो । जिम्बावेका लागि टाडिवानाशे मारूमानीले सर्वाधिक ५० रनको योगदान दिए । यस्तै, कुड्जाई मौन्जेले ३९, रोय कियाले ३६, कप्तान टोनी मुन्योगाले २४, सेफासले १६, इनोसेन्ट कियाले १२ तथा लुक जोग्वीले १९ रन बनाए ।

बलिङतर्फ नेपालका किशोर महतो एक्लैले पाँच विकेट लिए । सोमपाल कामीले दुई तथा करण केसी र दीपेन्द्रसिंह ऐरीले एक/एक विकेट लिए । यसअघि नेपाल र जिम्बावे 'ए'बीच तीन टी-ट्वान्टी सिरिज सम्पन्न भएको थियो । उक्त सिरिजमा दुवैले १-१ को बराबरी खेलेका थिए । एउटा खेल वर्षाका कारण रद्द भएको थियो । आइसिसी क्रिकेट लिग दुई अन्तर्गत अमेरिकामा हुने त्रिकोणात्मक एक दिवसीय सिरिजको तयारीका लागि नेपालले जिम्बावे 'ए'सँग खेलेको हो ।

## एशियाली खेलकूदका लागि सुदूरका कुस्तीका सातजना खेलाडी छनोट

काठमाडौं, २६ वैशाख/रासस

उन्नाइऔं एशियाली खेलकूदका लागि कुस्तीतर्फ सुदूरपश्चिम प्रदेशका सातजना खेलाडी प्रारम्भिक छनोटमा परेका छन् । सुदूरपश्चिम प्रदेशका नौवटा जिल्लामध्ये कञ्चनपुरको महेन्द्रनगरमा मात्रै कुस्तीको नियमित प्रशिक्षण हुँदै आएको छ ।

कञ्चनपुरका कुस्ती प्रशिक्षक राजेन्द्र चन्दले कुस्तीको इतिहासमैं पहिलोपटक सातजना खेलाडी एशियाडका लागि प्रारम्भिक चरणमा छनोट हुनु सुदूरपश्चिमका लागि गौरवको विषय भएको बताए ।

उनका अनुसार एशियाली खेलकूदको पूर्वतयारीका लागि बन्द प्रशिक्षणअघि काठमाडौंमा प्रारम्भिक छनोट सकिएको छ । जसमा पुरुषतर्फ ७४ किलो तौल समूहमा यहाँका सुरेश चुनारा, महिलातर्फ शिवाङ्गी दुबे, मनीषा सिंह र अम्बिका भण्डारी ५७ किलो तौल समूहमा छनोटमा परेका छन् । त्यसैगरी, ६२ किलो तौल समूहमा निर्मला जाग्री, कोमल खत्री र विमला सुनार छनोटमा परेको प्रशिक्षक चन्दको भनाइ छ ।

सुदूरपश्चिमबाट यसअघि चार वर्षअघि सुरेश चुनाराले मात्रै एशियाली खेलकूद प्रतियोगितामा भाग लिएका थिए । आगामी भदौमा चीनमा हुने एशियाली खेलकूदमा सुरेशसँगै छजना यहाँका महिला खेलाडी सहभागी हुन प्रारम्भिक चरण पार गरेका छन् ।

प्रशिक्षक चन्दका अनुसार विमला, मनीषा र कोमल कञ्चनपुरबाट कुस्ती खेल्छन् भने सुरेश, निर्मला र शिवाङ्गी दुबे त्रिभुवन आर्मी क्लबसित आबद्ध छन् । त्यस्तै, अम्बिका भण्डारी सशस्त्र प्रहरी बलको एपिएफ क्लबमा आबद्ध छिन् । जेठमा हुने बृहत् राष्ट्रिय खेलकूद प्रतियोगितापछि एशियाली खेलकूदको बन्द प्रशिक्षण हुने भनिएको छ ।

"कुस्तीतर्फ परिणामले पनि हेर्ने हो भने सुदूरपश्चिम उर्वरभूमि नै हो," प्रशिक्षक चन्दले भने, "तर विडम्बना न यहाँ कुस्तीको हल छ, न त खेल सामग्री नै ।" अभावका बीच खेलाडीहरूको खेलप्रतिको लगन र मिहेनतले उनीहरू एशियालीसम्म पुगेको उनको भनाइ छ ।

एशियाली खेलकूदको अनुभव बटुलिसकेका कुस्ती खेलाडी सुरेश चुनाराले अन्तर्राष्ट्रिय खेलकूद प्रतियोगितामा प्रतिस्पर्धा गर्न आफू नियमित प्रशिक्षणमा रहेको बताए । "यसअघि पनि एशियाली सहभागिताले धेरै सिक्ने मौका मिलेको थियो," चुनाराले भने, "अब राष्ट्रिय खेलकूदपछि हुने बन्द प्रशिक्षणमा कडा मेहनत गरेर अघि बढ्छौं ।"

# ठोरीमा निर्वाचन विषयमा सर्वदलीय बैठक

प्रस, ठोरी, २६ वैशाख/

आसन्न स्थानीय तह निर्वाचनमा ठोरी गाउँपालिकाभित्र विभिन्न दलहरूले प्रयोग



गर्दै आइरहेका भारतीय नम्बरका गाडी चलाउन नपाइने भएको छ ।

निर्वाचन अधिकृतको कार्यालय, ठोरी गापामा सोमवार सम्पन्न सर्वदलीय बैठकमा व्यक्तिगत प्रयोजनबाहेक चुनाव प्रचारप्रसार गर्न तथा दलहरूको र्‍यालीमा भारतीय नम्बरका कुनै पनि सवारीसाधन प्रयोग गर्न नदिने निर्णय भएको बैठकमा सहभागीले जानकारी गराए ।

निर्वाचन आयोगले जारी गरेको निर्वाचन आचारसंहितामा निर्वाचनमा भारतीय सवारी प्रयोग गर्न नपाइने उल्लेख छ । यस्तै, बैठकले ठोरीमा उम्मेदवारहरूले चुनाव प्रचारप्रसारका लागि टाँगेका तुल, ब्यानरसमेत हटाउने निर्णय गरेको छ । निर्वाचन आचारसंहिताविपरीतका सबै गतिविधिलाई कडाइका साथ नियन्त्रण गर्ने निर्णय भएको बताए ।

बैठकमा निर्वाचन अधिकृत शिवराज न्यौपाने, नेकपा एमाले ठोरी अध्यक्ष खगेन्द्र श्रेष्ठ, नेपाली काङ्ग्रेसका सभापति सन्तोष श्रेष्ठ, नेकपा माओवादी केन्द्र ठोरीका अध्यक्ष निमा लामा, जनता समाजवादी पार्टीका विष्णु लोप्चन, लोकतान्त्रिक समाजवादी पार्टीका प्रतिनिधि, सुरक्षा निकायका अधिकृतहरूलगायतको उपस्थिति थियो ।

### वीरगंज-२१ मा चार....

लड्दैछन । सञ्जय मण्डल जसपाबाट चुनाव लडिरहेका छन् । गत स्थानीय चुनावमा जसपाबाट चुनाव लडी पराजित राधाकृष्ण रौनियार यसपटक लोसपाबाट चुनाव लड्दैछन् । अहिले सबै उम्मेदवारले सबै टोलमा चुनावी प्रचार कार्यक्रम तीव्र बनाएका छन् । त्यसैगरी, एकीकृत समाजवादी पार्टीबाट वडाध्यक्षमा जलन्धरप्रसाद कुर्मी चुनाव लड्दैछन् ।

### धोबिनीमा नेका....

यसैगरी, गत स्थानीय चुनावमा उपाध्यक्षमा तत्कालीन मधेसी जनअधिकार फोरम (हाल जसपा)बाट विजयी पारसनाथ कुर्मी यसपटक एमालेबाट वडा नं ३ को अध्यक्षमा चुनाव लड्दैछन् ।

नेकाबाट वडाध्यक्षमा बन्धुसाह तेली, राजकिशोर पटेल, राजकिशोर कुर्मी, अब्बास मियाँ, उमेश कुर्मी, एमालेबाट हरिप्रसाद कुर्मी, नन्दलाल कुर्मी, पारसनाथ कुर्मी, सुनील साह, ऐनुलहक मियाँ, जसपाबाट ललनप्रसाद कुर्मी, देवेन्द्र प्रसाद, पप्पु पटेल, दिवाकर पटेल, मनौवर अहमद, माओवादीबाट शम्भुप्रसाद कुर्मी, लालबाबू बनिया र लोसपाबाट मन्टु साहलगायत चुनावी प्रतिस्पर्धामा छन् ।